पत्रिका
समयमा नपुगेमा
मोबाइल नम्बर
९८१०२९०४७४ मा
सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १७ ❑ अंक १७२ ❑ पृष्ठ ८ | २०७९ अषाढ २३ बिहिबार (2022 JUL 7 THURSHDAY) | ❑ मुल्य रु ५।-

रातको समयमा पनि खानेपानीको काम ०३ | चिउरी संरक्षणका लागि एक लाख बिरुवा रोपिदै ०५ | बर्सेनि घट्दै सुनौलो तोप चरा ०७

अपहरणमा परेका ३ वर्षीय बालकको १५ दिनपछि सकुशल उद्धार, एक महिला पक्राउ

टुडे एक्सप्रेस / जनकपुरधाम

जनकपुरधामबाट अपहरणमा परेका ३ वर्षीय बालकलाई प्रहरीले १५ दिनपछि सकुशल उद्धार गर्न सफल भएको छ।

भारत सितामढी बर्गनिया प्रखण्ड घर भई हाल धनुषाको जनकपुर उपमहानगरपालिका ७ भमरपुराचोक स्थित डेरा गरि बस्ने हरिओम चौधरीको छोरा सोहन चौधरीको दुई सातापछि प्रहरीले उद्धार गर्न सफल भएको हो।

अपहरणमा संलग्न आरोपमा एकजना महिलालाई समेत प्रहरीले बलकसहित पक्राउ गरेको हो। महोतरीको पिपरा गाउँपालिका ४ बस्ने ५५ वर्षीया मैथुन खातुनलाई बालकसहित प्रहरीले मंगलबार दिउँसो फेला पारेको हो।

आफ्नै घरमा बालकलाई लिएर खातुन लुकेकी थिइन्।

विशेष सुराकीको आधारमा पत्ता लगाई बालकको उद्धार गरी ती महिलालाई पक्राउ गरेको धनुषाका प्रहरी उपरीक्षक बसन्त रजौरेले जानकारी दिए।गत असार ६ गते बिहान ७ बजे घर अगाडी खेल्न कोठाबाट बाहिर निस्केका बालक अपहरणमा परेका थिए। एक महिलाले बालक लगेको स्थानीयले भनेपनि ती महिलाको परिचय खुलेको थिएन।

प्रहरीलाई जानकारी हुने बितिकै बालकको खोजतलासमा धनुषा प्रहरी सक्रिया भएको थियो।जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले ईलाका प्रहरी कार्यालय सहोडवा, महोत्तरीको सहकार्यमा बच्चा अपहरण गर्ने महिलालाई घरबाटै पक्राउ गरेको जनाएको छ।पक्राउ परेकी खातुन उपर अपहरण तथा शरिर बन्धक शिर्षकमा मुद्दा दायर गरि थप अनुसन्धान अगाडी बढाएको एसपी रजौरेले बताए।

सर्वस्वीकार्य नभएको भन्दै नागरिकता विधेयक फिर्ता

टुडे एक्सप्रेस / जनकपुरधाम

सरकारले नागरिकता जस्तो संवेदनशील विषयमा सर्वसम्मतरुपमा निर्णय हुन सकोस् भनेर नागरिकता विधेयक फिर्ता लिएको जनाएको छ। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले प्रतिनिधिसभाको बुधवारको बैठकमा सहभागी हुने क्रममा पत्रकारसँग सङ्क्षिप्त प्रतिक्रिया दिंदै यही असार २१ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त विधेयक फिर्ता लिने निर्णय गरेको जानकारी दिएका छन । नागरिकता जस्तो संवेदनशील विषयमा बहुमत/अल्पमतमा निर्णय गर्दा मुलुकको हितमा हुन्न, अझै जिम्मेवारीपूर्वक सबै दलसँग बसेर छलफल गरी सर्वसम्मतरुपमा लैजानुपर्छ भन्ने निष्कर्ष सरकारको छ, मन्त्री बडूले भने। विगतमा नागरिकताका विविध पक्षमा निर्णय भए पनि सर्वसम्मत हुन नसकेको उनले जानकारी दिए। खासगरी वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा केही समस्या यथावत रहेको छ, मन्त्री बडूले भने, त्यस विषयमा शीर्ष तहमै सर्वस्वीकार्य र विवादरहित ढङ्गले ऐन बन्नुपर्छ, नागरिक अधिकारसँग जोडिएको विषय पनि हो। विधेयकका कतिपय विषयमा संशोधनका प्रस्ताव आएको र त्यसमाथि नयाँनयाँ संशोधनमार्फत विवाद आउन थालेको पनि उनले जानकारी दिए। विधेयकलाई सर्वसम्मत बनाउने प्रयासस्वरुप गृहमन्त्री बालकृष्ण खाण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले यसअघि विभिन्न राजनीति दलका प्रमुखसँग भेटवार्ता गरेका थिए। नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक विसं २०७५ साउन २२ मा सरकारी विधेयकका रुपमा संसद्मा दर्ता भएको थियो। उक्त विधेयकमाथि छलफलपश्चात् विसं २०७७ असार ९ मा राज्यव्यवस्था तथा सुशासन समितिले आफ्नो प्रतिवेदनसहित संसद्मा पेश गरेको थियो।

मिटरब्याजीलाई कारबाहीको माग गर्दै प्रहरी कार्यालय अगाडि प्रदर्शन

टुडे एक्सप्रेस / जनकपुरधाम

सिराहाको लहान नगरपालिका ७ का मिटर ब्याजी रामबाबु महतोविरुद्ध कारबाहीको माग गर्दै कब्जा गरेको घरजग्गा फिर्ताको मागसहित लहानस्थित इलाका प्रहरी कार्यालय अगाडि प्रदर्शन भएको छ। 'मिटरब्याजी रामबाबु महतोलाई कारबाही गर, कब्जा गरेको घर जग्गा फिर्ता गर, निमुखा गरिबको घरजग्गा कब्जा गर्न पाईदैन' लगायतको नारा लगाउँदै पीडित श्याम विश्वकर्मा र उनका आफन्तहरूले एक घण्टा प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेका हुन्।

प्रदर्शनपछि प्रहरीले मिटरब्याजी भनिएका महतोले अदालतबाट निषेधाज्ञाको आदेश गराएकाले आफूहरूले केही गर्न नसक्ने भन्दै फर्काएको पीडित विश्वकर्माले बताए।

लहान ७ का विश्वकर्माका दाजु हिरालालले २०७१ सालमा सुनचाँदी पसल संचालनका लागि महतोसँग सयकडा तीन रुपैयाँ ब्याजको दरले शुरुमा दुई लाख र त्यसपछि तीन लाख रुपैयाँ ऋण लिएका थिए। '

दुई लाख लिने बेलामै १० धुर जग्गा दृष्टि बन्धक भन्दै महतोले लहान १ (क) को ४४५ नम्बर कित्ताको १० धुर जग्गा आफ्नो नाममा रजिष्ट्रेशन गराइसकेका रहेछन' उनले भने 'त्यसको छ वर्षपछि २०७७ सालमा ६० लाख रुपैयाँ पुग्यो, घर जग्गा खाली गर्नु भन्दै दवाव दिन थाले।'

दाजुले लिएको पाँच लाख रुपैयाँ नतिर्दै बिरामी भएपछि आफैंले कमाएर ब्याजबापत दुई पटक गरी ११ लाख रुपैयाँ बुझाएपछि बाँकी सात लाख रुपैयाँ रहेको उनले बताए। 'त्यसपछि दुवै मृगौला बिग्रिएर दाजुको उपचारका लागि पाँच वर्षअघि १० लाख रुपैयाँ लिँदा महतोले १७ लाख साँवा मात्र भयो भन्ने सुनाएका थिए' उनले भने 'दाजुको निधन भएपछि म आफैंले चलाएको सुनचाँदी पसलबाट कमाएर साँवा ब्याज गरी १३ लाख बुझाएको थिएँ।'

दाजुको निधन भएपछि २०७८ सालको बैशाखमा जग्गा आफ्नो भएकाले उक्त जग्गामा बनेको घर पनि मेरो हो भन्दै जबर्जस्ती खाली गराएर आफूहरूलाई सडकमा पुर्याएको उनको गुनासो छ। 'मिटरब्याजी विरुद्ध स्थानीय प्रहरी प्रशासनमा उजुरी दिन गृह मन्त्रालयले सूचना जारी गरेपछि पटक पटक लहान प्रहरीमा गएपनि बेवास्ता गरिहेको छ' उनले भने। इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायव उपरीक्षक कुमार प्रसाद मैनालीले ठगीमा परेका विश्वकर्माले आवश्यक प्रमाण जुटाउन नसक्दा प्रहरीले केही गर्न नसकेको बताए। 'फौजदारी मुद्दा चलाउन नमिल्ने, देवानी अभियोगमा मुद्दा चलाउन प्रहरीले हस्तक्षेप गर्यो भन्ने पनि होला' प्रहरी नायव उपरीक्षक मैनालीले भने 'महतोले उच्च अदालत जनकपुर राजविराज इजलासबाट आफ्नो नीजि सम्पत्तिमा दावी गरेको भन्दै निषेधाज्ञा आदेश ल्याएकाले केही गर्न नसकिएको बताए।

सबै प्रदेशका गृहमन्त्री जनकपुरधाममा

टुडे एक्सप्रेस / जनकपुरधाम

देशभरकै प्रदेशका आन्तरिक मामिला तथा गृहमन्त्री बुधवार मधेस प्रदेशको राजधानी जनकपुरधाम आएका छन्। मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयको आमन्त्रणमा छवटै प्रदेशका आन्तरिक मामिला तथा गृहमन्त्री, सो मन्त्रालयका सचिव तथा मुख्यन्यायाधिवक्ताको टोली जनकपुरधाम आएका हुन। गृह तथा सञ्चार मन्त्रालयद्वारा जनकपुरधाममा आयोजना हुने शान्तिसुरक्षा तथा विपद् व्यवस्थापनसम्बन्धी अनुभव आदानप्रदान कार्यक्रमका लागि सबै प्रदेशका गृहमन्त्रीको नेतृत्वमा टोली आएको मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिएका छन। मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको प्रमुख आतिथ्यमा बिहीबार जनकपुरधामस्थित सीताशरण होटलमा सो कार्यक्रम आयोजना हुने मन्त्री साहले जानकारि दिए। सो छलफलबाट आउने निष्कर्षका आधारमा जनकपुरधाम साझा प्रतिबद्धतापत्र जारी गर्ने कार्यक्रम तय भएको मन्त्री साहको भनाइ छ। बिहीबार बिहान जनकपुरधामस्थित जानकी मन्दिरमा दर्शन गर्ने गृहमन्त्रीहरूको टोलीले दिउँसो जयनगर-कुर्था रेलमा यात्रा गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। बुधवार बेलुका ६ बजेसम्म जनकपुरधाम पुगेका सबै प्रदेशका गृहमन्त्रीसहितको टोली बुधवार साँझ जनकपुरधामस्थित गङ्गासागर पोखरीमा नियमित हुँदै आएको महागङ्गा आरतीमा सहभागी भएका थिए। यस्तै टोलीले यही असार २४ गते बिहान धनुषाधामस्थित धार्मिकस्थलको भ्रमण गर्ने र उहाँहरूलाई मायाको चिनो प्रदान गरी बिदाइ गर्ने कार्यक्रम रहेको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए।

मधेस प्रदेशसभामा बजेटमाथि दफावार छलफल सुरु

टुडे एक्सप्रेस / जनकपुरधाम

मधेस प्रदेशसभाको बैठकमा बुधवारदेखि प्रदेश सरकारको मन्त्रालयगत बजेटमाथि दफावार छलफल सुरु भएको छ।

बुधवार दिउँसो ३ बजे बसेको प्रदेशसभा बैठकमा आगामी आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको विभिन्न मन्त्रालयका लागि विनियोजित बजेटमाथि दफावार छलफल सुरु भएको प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

मन्त्रालयगत बजेटको छलफल सकिएपछि असार २५ गते आगामी आव २०७९/८० को बजेट पारित हुने मन्त्री साहले बताए। आर्थिक विधेयक २०७९ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको हिजोको बैठकमा सैद्धान्तिक छलफल सकिएपछि आजदेखि मन्त्रालयगत बजेटमाथि छलफल हुने मन्त्री साहको भनाइ छ। प्रदेश सरकारका अर्थमन्त्री साहले गत असार १ गते प्रदेशसभा बैठकमा आगामी आव २०७९/८० का लागि रु ४६ अर्ब ८८ करोड नौ लाख ४६ हजारको बजेट प्रस्तुत गरेका थिए।

सामाजिक सञ्जालको दुरुपयोग हुनबाट बच्न सजगता अपनाऔं ।

- सामाजिक सञ्जालको पासवर्ड गोप्य राखौं ।
- मोवाइल, कम्प्युटर, ल्यापटप जस्ता विद्युतीय उपकरण प्रयोग गरी सकेपछि अनिवार्य रुपमा लँगआउट गरौं ।
- कसैको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु (अपलोड) गर्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमा चिनजान भएको भरमा भेट्न बोलाएको ठाउँमा नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- भ्रामक, आधिकारिकता नभएका सूचना, सन्देश, तस्वीर तथा भिडियो सेयर नगरौं, नगराऔं
- व्यक्तिको मर्यादा, सम्मान र प्रतिष्ठामा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट नगरौं ।
- अशोभनीय तथा शंकास्पद संदेशको प्रतिवाद गरौं । उक्त सन्देश प्रमाणका लागि सुरक्षित राखौं ।
- आफू पनि सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलापको नियन्त्रणमा सहयोग पु-याऔं ।
- आफूलाई असुरक्षित महसुस भएमा तुरुन्तै प्रहरीलाई खबर गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

वीरगञ्ज महानगरपालिकाले सम्पत्ति करको दर घटायो

टुडे एक्सप्रेस / वीरगञ्ज

मधेस प्रदेशको एक मात्र महानगरपालिका पर्साको वीरगञ्ज महानगरपालिकाले अगामी आर्थिक वर्ष २०७९/८० (साउन १ गते) देखि लागू हुने गरी सम्पत्ति करको दर घटाएको छ। हाल कायम भएको सम्पत्ति करको रकम धैरे भएको भनी चौतर्फी रुपमा गुनासो आएपछि महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० को आर्थिक विधेयक २०७९ मा सम्पत्ति करको दर घटाएको हो। यसअघि वीरगञ्जका उद्योग, व्यवसायीहरूले उद्योगसँग सम्पत्ति कर नलिन महानगरसँग आग्रह गरेका थिए। उद्योगीहरूको सुझावअनुसारै अगामी आर्थिक वर्षदेखि लागू हुने गरी महानगरले सम्पत्ति करको दरमा ०.०१ देखि ०.५ प्रतिशतले घटाएको हो। महानगरले हाल रु १० लाखसम्मको सम्पत्ति मूल्याङ्कनमा हुनेको हकमा वार्षिक एकमुस्ट रु २०० लिँदै आएकामा यसलाई घटाएर रु २० लाखसम्म मूल्याङ्कनमा रु ५००, रु २० लाखदेखि ५० लाखसम्म मूल्याङ्कनमा ०.०५ प्रतिशतलाई घटाएर ०.०४ प्रतिशत निर्धारण गरेको छ। त्यसैगरी रु ५० लाखदेखि रु एक करोडसम्मको सम्पत्ति हुनेको हकमा विगतको मूल्याङ्कन दर घटाएर ०.०९ कायम गरिएको महानगरको राजश्व शाखाले जनाएको छ। रु एक करोडदेखि दुई करोडसम्मको मूल्याङ्कनको हकमा ०.२५ प्रतिशतलाई घटाएर ०.२३ प्रतिशत कायम गरिएको छ। रु दुई करोडदेखि पाँच करोडसम्म मूल्याङ्कनको हकमा ०.५० प्रतिशतलाई घटाएर ०.४५ प्रतिशत र महानगरले अधिकतम रु पाँच करोडमाथिको सम्पत्ति मूल्याङ्कनको हकमा नयाँ आर्थिक वर्षदेखि लागू हुने गरी ०.७० प्रतिशत करको दर निर्धारण गरेको छ। यो दर हाल ०.७५ रहेको छ। महानगरले ल्याएको आर्थिक विधेयकका आधारमा सम्पत्ति करको प्राविधिक मूल्याङ्कन वडाले गर्ने र कर भने महानगरको राजश्व शाखामा बुझाउनुपर्ने व्यवस्था छ। सामान्यतः सम्पत्ति कर घरजग्गा बैंकमा धरौटी राखेर आर्थिक कारोबार गर्नुपर्ने अथवा छोराछोरी विदेश अध्ययन, अनुसन्धानका लागि पठाउनुपर्ने अवस्थामा मूल्याङ्कन गरेर राजश्व बुझाउने प्रचलन छ। साथै महानगरले सम्पत्ति कर मूल्याङ्कनमा ०.०२ प्रतिशत सेवा शुल्क लाग्ने, कुनै घर जग्गाधनीले सम्पत्ति लुकाएपछि तिर्न आएमा उक्त सम्पत्तिको मूल्याङ्कनमा ०.१० प्रतिशतका दरले जरिवाना लाग्ने उल्लेख गरिएको छ। चालु आवको पुस मसान्तसम्म बुझाउँदा चालु आर्थिक वर्षको कर रकममा १० प्रतिशत छुट, माघदेखि चैत मसान्तसम्म बुझाएमा चालु आवको कर रकममा पाँच प्रतिशत छुट दिइने आर्थिक विधेयकमा उल्लेख गरिएको छ।

कालिकामाई गाउँपालिकाको बजेट असार २४ गते

पर्साको कालिकामाई गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्ताव गर्न आठौँ गाउँसभा यही असार २४ गतेका लागि बोलाइएको छ। गाउँपालिकद्वारा जारी सूचना आठौँ गाउँसभाको अधिवेशन असार २४ गते दिउँसो २ बजेदेखि सुरु हुने जनाइएको हो। असार १० गतेभित्र नै गाउँसभा हुनुपर्ने भए पनि जनप्रतिनिधिहरूबीच योजना बाँडफाँटमा कुरा नमिलेपछि परिषद् असार २४ गतेलाई सारिएको थियो। गाउँपालिका अध्यक्षको आदेशानुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१९) बमोजिम गाउँपालिकाको आठौँ गाउँसभाको अधिवेशनमा गाउँसभाका सम्पूर्ण सदस्यहरूलाई उपस्थितिका लागि अनुरोध गरिएको प्रमुख प्रशासकीय अधिकृत अमितकुमार गिरीद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ ।

सूर्य नेपाल मधेस प्रदेशको उत्कृष्ट प्रतिष्ठानबाट सम्मानित

बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा रहेको सूर्य नेपाल प्रालि मधेस प्रदेशको उत्कृष्ट प्रतिष्ठानबाट सम्मानित भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत श्रम तथा व्यवस्थापन सुरक्षा विभागले मधेस प्रदेशको उत्कृष्ट प्रतिष्ठान सम्मानबाट सूर्य नेपाललाई सम्मानित गरेको हो।सो सर्भेक्षणमा सूर्य नेपाल उत्कृष्ट घोषित भएपछि पुरस्कृत गरिएको हो। विभागले गरेको सर्भेक्षणमा मधेस प्रदेशका प्रतिष्ठानमध्ये सूर्य नेपाल व्यवस्थापनजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने प्रतिष्ठानका रूपमा स्थापित हुँदै आएको देखिन्छ। विभागले मधेस प्रदेशका सबै प्रतिष्ठानको व्यवस्थापनजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सर्भेक्षण गरेको थियो।रासस

बाढीले चचरीको पुल भत्काइदिएपछिआवत जावतमा समस्या

टुडे एक्सप्रेस / राजविराज

तीन वर्षअघि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित कुनौलीलाई जोड्ने एकमात्र अस्थायी पुल (चचरी) बाढीले भत्काएपछि सर्वसाधारणलाई आवतजावत गर्न कठिनाइ भइरहेको छ। सो पुल अझै बन्न नसक्दा सीमावर्ती भारतीय बजार कुनौलीमा किनमेल गर्न जान स्थानीयवासीलाई समस्या भएको हो। अहिले सर्वसाधारण खोला तरेर जोखिमपूर्ण आवतजावत गर्न बाध्य भएका छन्। स्थानीय र सीमावर्ती भारतीय बजारका बासिन्दाहरू मिलेर सहज आवतजावत गर्नका लागि उक्त खोलामा बाँस तेर्स्याएर अस्थायी पुल निर्माण गरिएको थियो।सो पुल तीन वर्षअगाडि आएको भीषण बाढीले बगाएर लागेपछि अहिले मानिसलाई बाढी आएको बेला पनि कुनौली बजार जान पनि समस्या हुने गरेको स्थानीयवासीको गुनासो छ। तिलाठी कोइलाडी गाउँपालिका-१ बेल्हीस्थित राजविराज भन्सार कार्यालय अगाडि रहेको खाडो खोलामा बाँसको फड्के बनाएर पुनः आवागमनको व्यवस्था मिलाउने प्रयास गरिए पनि केही दिन अगाडि लगातर परेको वर्षाले गर्दा बनाउन नसकिएको स्थानीय सुरेश यादवले बताउनुभयो। तिलाठी कोइलाडी गाउँपालिकाका निर्वतमान अध्यक्ष शतिशकुमार सिंहले आफ्नो कार्यकालमा नै उक्त स्थानमा नेपाल-भारत मैत्री पुल बनाउने अथक प्रयास गरे पनि भारतीय सुरक्षाकर्मीले माथिको आदेश चाहियो भन्दै अवरोध पुऱ्याएपछि काम अघि बढ्न गुनासो गर्नुभयो। दसगज्जा क्षेत्रमा रहेको उक्त खोलाबाट वर्षायाममा महुली, जिता, खाँडो, त्रियुगा, भलुवाही लगायतका नदी र खोलाको पानी बग्ने गरेको र पुल नहुँदा दुवै देशका नागरिकले सास्ती खेप्नु परिरहेको स्थानीय रामचन्द्र झाले बताउनुभयो।

सुख्खायाममा जसोतसो आवागमन हुने गरेको भए पनि वर्षायाममा जोखिम मोलेर स्थानीयहरू आवतजावत गर्न बाध्य छन्। नेपालको दक्षिणी सीमामा पर्ने कुनौली बजारमा त्यस भेगका जनता किनमेल, शिक्षा, उपचार, तीर्थयात्रा लगायतका विभिन्न कामका सिलसिलामा आवतजावत गर्न यही बाटो प्रयोग गर्ने गरेका छन्। तर पुल नहुँदा वर्षायाममा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको राजविराज नगरपालिका-३ का विन्दु चौधरीले दुःखेसो पोख्नुभयो। उहाँले भन्नुभयो, हामी राजविराजबाट किनमेल गर्न कुनोली बजार विगत २५ वर्षदेखि जाने गरेका छौँ तर अहिले उक्त बजार जानका लागि खोलामा पुल नहुँदा वर्षाको समयमा नदी तर्न झन् समस्या हुने गरेको छ।

विवाह, व्रतबन्ध, भोजभतेरका लागि कुनोली बजारबाट नै सरसमानहरू ल्याउन यहाँको मनिसहरू जाने भएकाले पक्की पुल नभएका कारण उक्त बजारमा पहिलाको तुलनामा अहिले मानिसहरूको भीडभाडमा कमी आएको व्यापारीहरू बताउँछन। कुनोली बजारमा पसल सञ्चालन गरेका रमन दासले विगत ३ वर्षदेखि व्यापारमा केही ह्रास आएको बताउनुभयो। यो बजारमा अधिकांश नेपालीहरू नै किनमेल गर्नका लागि आउने गरेका हुनाले अहिले खोलमा पुल नबनेका कारण यहाँका व्यापारीहरू निरास देखिएको उहाँको भनाइ छ। भारतीय बजारमा किनमेल गर्न सामानहरूमा केही सस्तो पाउने भएकाले अधिकांश मानिसहरू त्यही जान रुचाएका हुनाले नदी पार गर्न कुनै किसिमको सुविधा नभएका कारण पानीमै तरेर जानुपर्ने बाध्यता देखिएको छ। लामो समयदेखि कुनोली जोड्ने बजार जानका लागि पुल नभएको विषयमा केन्द्रस्तरबाटै कूटनीतिज्ञ पहल गरी समस्याको समाधान खोजिनुपर्ने तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाको भनाइ छ। यहाँ पक्की पुल बनेपछि सप्तरीसहित अन्य जिल्लाको मानिसहरूलाई कुनोली बजारमा सरसमान किनमेल गर्न सजिलो हुने देखिएको छ ।रासस

सामूहिक बलात्कारपछि बालिकाले आत्महत्या गरेको भन्दै कारबाहीको माग

टुडे एक्सप्रेस / वीरगञ्ज

सिरहामा सामूहिक बलात्कारमा परेकी बालिका आत्महत्या गर्न बाध्य भएको भन्दै परिवाजनले अनुसन्धानको माग गरेका छन्। मिर्चैया नगरपालिका-१ की १४ वर्षीया बालिकालाई गाउँकै दुई युवकले बलात्कार गरेपछि बालिकाले झुण्डिएर आत्महत्या गरेको परिवारजनको आरोप छ।

बालिका आफ्नै मंगलबार बिहान आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेकी थिइन्। बालिका झुण्डिएको अवस्थामा फेला परेपछि आत्महत्या गर्न बाध्य पार्नेलाई कारबाहीको माग गर्दै स्थानीयबासिन्दाले पूर्व पश्चिम राजमार्ग बन्द गरी प्रदर्शन गरेका छन्।

प्रहरीले आरोपितलाई पक्राउ गर्ने प्रतिबद्धता व्यक्त गरेपछि राजमार्ग खोलिएको थियो।बालिकाका दाजु जगनारायण सदाका अनुसार घरमा कोही नभएको अवस्थामा गाउँका दुई युवकले सोमबार दिउँसो जबर्जस्ती करणी गरेका थिए। घट्नाबारे सोमबारै साँझ बालिकाले परिवारलाई बताएकी थिइन्। घटना सुनाएको भोलिपल्टै मंगलबार बिहान ती बालिका झुण्डिएको अवस्थामा मृत फेला परेकी हुन्। इलाका प्रहरी कार्यालय मिर्चैयाले मृत बालिकाका परिवारले आत्महत्या दुरुत्साहन शीर्षकमा उजुरी दिएको बताएको छ।जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी सुवास बुढाथोकीले बालिकाको शवलाई पोष्टमार्टमका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिएको बताए। उनले पोष्टमार्टमको रिपोर्ट आएपछि थप अनुसन्धानलाई अघि बढाउने बताए।

बालेनलाई मेयर मण्डलको निम्तो

टुडे एक्सप्रेस / महोत्तरी

देशको संघीय राजधानी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) र मटिहानी नगरपालिका मेयर हरिप्रसाद मण्डलबीच भेटवार्ता भएको छ।बुधबार बिहान काठमाडौं महानगरपालिकाको कार्यालयमा भएको भेटघाटका क्रममा मेयरद्वयबीच सांस्कृतिक नगरी काठमाडौं र मटिहानीबीच सहकार्यबारे पनि छलफल भएको मेयर मण्डलले बताए।मेयर बालेनले मटिहानी नगरपालिका पनि सांस्कृतिक नगर रहेको बताउँदै आफू पनि त्यहाँको सांस्कृतिक तथा धार्मिकस्थलको भ्रमण गर्न उत्सुक रहेको बताए।सो भेटघाटको क्रममा मटिहानी नगरपालिकाका मेयर मण्डलले सांस्कृतिक नगरी मटिहानी भ्रमणको निम्तो दिएका थिए।मटिहानीका मेयर मण्डलले भेटघाटको क्रममा मेयर बालेनलाई श्री लक्ष्मीनारायण मन्दिरको तस्वीर र बालेनले मण्डललाई गणेश भगवानको मूर्ति मायाको चिनोस्वरुप आदान-प्रदान गरेका थिए।

एक लाख ७० हजार घुससहित सब-इन्जिनियर पक्राउ

टुडे एक्सप्रेस / पर्सा

शहरी विकास तथा भवन कार्यालय पर्साका सब-इन्जिनियर रुपेशकुमार दुवेलाई प्रहरीले एक लाख ७० हजार रुपैयाँ घुससहित पक्राउ गरेको छ।वीरगञ्ज महानगरपालिका-१० स्थित भवन कार्यालयमा सेवाग्राहीबाट घुस लिँदै गरेको अवस्थामा वडा प्रहरी कार्यालय बिर्ताको टोलीले दुवेलाई आज पक्राउ गरेको हो।सब डिभिजन वन कार्यालय वसन्तपुर र सब डिभिजन वन कार्यालय मनवामा १७ लाख रुपैयाँको लागतमा निर्माण भएको तीन/तीन कोठे भवनको मूल्याङ्कन गरी दिने बहानामा ठेक्दारबाट रकम लिँदै गरेको अवस्थामा दुवे पक्राउ परेको वडा प्रहरी कार्यालय बिर्ताका इन्चार्ज प्रहरी निरीक्षक विकास मल्लले जानकारी दिए।पक्राउ परेका दुवेलाई आवश्यक अनुसन्धानका लागि वडा प्रहरी कार्यालय बिर्तामा राखिएको छ।मूल्याङ्कनको १० प्रतिशत रकम दिएपछि मात्र काम गर्ने भन्दै आएका दुवेलाई स्थानीय प्रशासनको सहयोगमा पक्राउ गरिएको बताइएको छ।

आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य
परामर्सको लागि सम्पर्क ९८१२००५३७८

मेष : (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

वृष : (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

मिथुन : (का, कि, कु, घ, ङ, छ, के, को, हा) परि श्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्ने छ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

कर्कट : (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

सिंह : (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

कन्या : (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

तुला : (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी र हला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

वृश्चिक : (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभ कार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

धनु : (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशी लताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

मकर : (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

कुम्भ : कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ यो जना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

मिन : (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आज को समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

रातको समयमा पनि खानेपानीको काम !

टुडे एक्सप्रेस / तनहुँ

व्यास नगरपालिका-१ स्थित भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू उपभोक्तालाई सहज रुपमा पानी वितरणका लागि अहोरात्र खट्दै आएको छ।

केही दिनअघि परेको अविरल वर्षाका कारण खानेपानी नयाँ प्रशोधन केन्द्र नजिक पहिरो खस्न गई जोखिम बनेपछि समितिले पानी नआएको मौका छोपी आरसिसी पर्खाल लगाएर संरक्षण गर्न रातको समयमा पनि काम गर्दै आएको छ। करिब दुई लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्र पहिराका कारण उच्च जोखिममा रहेपछि समितिका अध्यक्ष चिजबहादुर दरै, उपाध्यक्ष रामकुमार गोशली, सचिव राजेश्वर हडखले, कोषाध्यक्ष विष्णुबहादुर बस्नेत, सदस्य रामराज अधिकारी लगायतका पदाधिकारीहरू अहोरात्र खट्दै आएका छन्। त्यसैगरी खानेपानी संस्थाका व्यवस्थापक ईश्वरकुमार श्रेष्ठ, कर्मचारी कुलबहादुर बस्नेत, रत्न दरै र कृष्णबहादुर पौडेल लगायतका कर्मचारीहरूले मङ्गलबार रातिसम्म खटेर काम गरेका थिए। पहिलो चरणमा करिब चार मिटर अग्लो पर्खाल लगाइएको छ। दोस्रो चरणमा पनि चार मिटरको पर्खाल लगाउने योजना रहेको संस्थाका व्यवस्थापक ईश्वरकुमार श्रेष्ठले जानकारी दिनुभयो। जमिनको बेससहित करिब दश मिटर अग्लो पर्खाल लगाइन्छ। उहाँले भन्नुभयो, पर्खालको लम्बाइ भने करिब दश मिटर लामो रहेको छ।केही दिनयता पानी नपरेको हुँदा काम गर्न सजिलो हुने भएकाले रातको समयमा पनि समय मिलाएर काम गर्ने गरिएको संस्थाका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो। उक्त संस्थाले व्यास नगरपालिका-१ र १२ का गरी कूल दुई हजार ६८० घरधुरीमा धारा जडान गरी पानी वितरण गर्दै आएको जनाएको छ।रासस

ट्रान्सफर्मर पड्किँदा १६६ घर अन्धकारमा

टुडे एक्सप्रेस / बलेवा

बागलुङको बरेङ गाउँपालिका-१ धुल्लुबास्कोटमा रहेको विद्युत् ट्रान्सफर्मर पड्किँदा चार दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको छ। चट्याङले ट्रान्सफर्मर पड्किएपछि धुल्लुबास्कोटका १६६ परिवार चार दिनदेखि अन्धकारमा छन्। विद्युत् आपूर्ति बन्द हुँदा स्थानीयले कुटानीपिसानी, साना घरेलु उद्योग सञ्चालन र सञ्चार सेवा प्रयोग गर्न पाएका छैनन्। धुल्लुबास्कोटमा सामुदायिक विद्युतीकरणमार्फत केन्द्रीय प्रसारण लाइन विस्तार गरिएको थियो। ट्रान्सफर्मर मर्मतका लागि प्रक्रिया सुरु भएको भए पनि अझै केही दिन लाग्ने गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो। ढिला गरी प्राधिकरणलाई जानकारी प्राप्त भएको र त्यहाँ क्रियाशील सामुदायिक समितिले नै मर्मतको काम गर्नुपर्ने बताएको वितरण केन्द्रका प्रमुख दिलीप मरासिनीले बताउनुभयो। वर्षासँगै आएको बाढी, पहिरो र चट्याङले ट्रान्सफर्मर र प्रसारण लाइनका कैयौँ पोलहरूमा समेत क्षति पुऱ्याएको छ। त्यस्तै चट्याङले बागलुङको ताराखोला गाउँपालिकामा १३ वटा पशुचौपाया मारेको छ।

कुखुरा फार्ममा बाढी

बागलुङ नगरपालिका-३ नुवारा खहरे कुखुरा फार्ममा मङ्गलबारदेखि परेको अविरल वर्षाले कुखुरा फार्ममा क्षति पुऱ्याएको छ।

खहरेमा रहेको गङ्गा कृषि तथा पशुपन्छी फार्ममा सडकको भल पस्दा ३५० कुखुराका चल्ला मरेका फार्मका सञ्चालक गङ्गा कार्कीले जानकारी दिनुभयो। ५०० चल्ला हालेको एक हप्ता भएको थियो, कार्कीले भन्नुभयो, मध्यपहाडी लोकमार्गको भल बढेर शाखा सडक हुँदै फार्ममा पसेर कुखुराका चल्ला मरेको हो। उहाँले कुखुराको चल्ला र फार्म गरी झन्डै ५० हजार बराबरको क्षति पुऱ्याएको छ भन्नुभयो।यस्तै नुवारास्थित राजीव केसीको कृषि तथा पशु फार्ममा समेत भल पसेर क्षति पुऱ्याएको छ। केसीको दुईवटा टमाटर सहितका टनेलमा क्षति पुऱ्याउँदा एक लाख ५० हजारभन्दा बढीको क्षति भएको छ।रासस

ऊर्जामन्त्री भुसालसँग भारतीय राजदूतको शिष्टाचार भेट

टुडे एक्सप्रेस / काठमाडौं

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि भारतका नवनियुक्त राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा बुधवार भएको भेटवार्तामा उहाँहरूबीच नेपाल र भारतबीचको आपसी सम्बन्ध र सहयोगका विषयमा छलफल भएको छ।सो अवसरमा ऊर्जामन्त्री भुसालले नेपाल-भारतका सम्बन्ध मित्रता, समानता, सहयोग र पारस्पारिक सम्मानका साथ अगाडि बढेको स्मरण गर्दै आगामी दिनमा दुई देशको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले पछिल्लो समय नेपाल-भारतबीच ऊर्जा क्षेत्रमा महत्वपूर्ण सहकार्य भएको उल्लेख गर्दै अगामी दिनमा यो सहकार्य अझ विस्तार हुने आशा गर्नुभयो।मन्त्री भुसालले भन्नुभयो, नेपाल-भारतबीच हाल हुँदै आएको ऊर्जा व्यापार सकारात्मक छ। हामीसँग भएको स्वच्छ ऊर्जा भारतलाई आवश्यक रहेको छ। त्यसैले आगामी दिनमा दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरी अगाडि बढ्न नेपाल इच्छुक छ। यहाँको कार्यकालमा विद्युत् व्यापारमा महत्वपूर्ण सफलता प्राप्त हुने मैले विश्वास लिएको छु। उहाँले पश्चेश्वर जलविद्युत् परियोजनालाई अगाडि बढाउने साथै बाढीबाट हुने क्षतिका विषयमा दुई देशबीचको समझदारीलाई सक्रियताका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।सो अवसरमा राजदूत श्रीवास्तवले दुई देशबीचको सहकार्य थप विस्तार गर्न आफूले सक्दो पहल गर्ने विश्वास दिलाउनुभयो।

पछिल्लो एक वर्षमा विद्युत् व्यापारका क्षेत्रमा महत्वपूर्ण उपलब्धी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, पछिल्लो एक वर्षमा विद्युत् व्यापारमा ठूलो सफलता मिलेको छ। यसमा दुवै सरकारको सहकार्य सह्रानीय छ । आफूले विद्युत् उत्पादन एवं व्यापारका लागि निरन्तर पहल गर्ने विश्वास दिलाउँदै उहाँले भन्नुभयो, विद्युत् व्यापार दुवै देशका लागि फाइदाजनक विषय हो। यसमा हाम्रोतर्फबाट निरन्तर सहयोग हुनेछ। भेटमा जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राई, सहसचिवद्वय बाबुराम भण्डारी र चिरञ्जीवी चटौत र परराष्ट्र मन्त्रालयका प्रतिनिधिको सहभागिता थियो।रासस

२४ वर्षपछि दाजुलाई भेट्दा ..

टुडे एक्सप्रेस / कर्णाली

तातोपानी गाउँपालिका-१ जुम्ला बाइराँका गाउँका दलबहादुर सार्की (दले) २४ वर्षपछि आफन्तको सम्पर्कमा आउनुभएको छ। उहाँ विसं २०५५ मा घरबाट निस्कनुभएको थियो। मङ्गलबार मात्र भारत हिमाञ्चल प्रदेश कुल्लु जिल्लाको मनाली भन्ने सहरमा भेटिनुभएको वैदेशिक रोजगारका लागि कतार गएका उहाँका भाइ जगमुन सार्कीले राससलाई जानकारी दिनुभयो।यतिका वर्षसम्म दाइ कहाँ हुनुहुन्थ्यो थाहा भएन, जगमुनले भन्नुभयो, कामका लागि भारतमा जानुभएको माइलो दाई (दलबहादुर सार्की)ले भेटाउनुभएको छ। जेठो दाइ भेटिएको खबरले निकै प्रफुलित बनायो। हिजो नै दाइसँग भिडियो कलमै कुरा गरेर लामो समयसम्मको भ्रातृप्रेमको धित मेटाएँ।घरमा श्रीमतीसँग भएको झगडाका कारण विरक्तिएर हिँडेका दलबहादुरलाई परिवारले लामो समयदेखि खोजी गर्दै आइरहेको थियो। दाजु घरबाट सम्पर्कविहीन भएपछि त्यसको लगत्तै भाउजुले नाबालक बच्चालाई छोडेर अर्कैसँग विवाह गर्नुभएको जगुमानले बताउनुभयो।दलेको छोरा कृष्ण सार्की यतिबेला २५ वर्षको भइसक्नुभएको छ। तर छोरालाई आफ्ना बाबा हुनुहुन्छ भन्ने कुरा थाहा थिएन। कृष्ण यतिबेला घरमै हुनुहुन्छ। गाउँका सबैले कृष्णलाई बाबा मरिसक्नुभएको कुरा सुनाउथे। हुन पनि बाबाको अत्तोपत्तो थिएन। बाबा भेटिएको खबर सुनेका उहाँलाई कल्पनाभन्दा बाहिरको कुरा जस्तो लागिरहेको छ।नाबालक अवस्थादेखि बाबा भन्न नपाएका कृष्णको आमाले अर्कैसँग विवाह गरेपछि आमाबाबा भएर पनि उहाँ टुहुरा जस्तै हुनुभएको थियो। घरबाट हराएका दलबहादुर लामो समयसम्म घर नफर्केपछि परिवारले पुनःमिलन हुने कुराको आश मारिसकेका थिए। कृष्णका अनुसार बाबा भेटिएको कुरा मनालीमा काम गर्न जानुभएको माइला बाबा कले सार्कीले जानकारी दिनुभएको थियो। त्यो खबरले अहिले उहाँको खुशीको सीमा छैन। कृष्णले बाबासँग फोनबाट कुरा गरेको बताउनुभयो। उहाँले भन्नुभयो, बाबासँग फोनमा कुरा गरे। मेरो बाबासँग बोल्न पाउँदा साँच्चिकै उहाँ स्वर्गबाट झरेजस्तो लागिरहेको छ। अब चाँडै नेपाल आउँछु।जगमुनले काम गर्ने दौडानमा हिँडिरहेका बेलामा दाइ (दलबहादुर)सँग भेट भएको बताउनुभयो। दाई मनालीमा भेटिएपनि उहाँ लद्दाख बस्नु हुँदोरहेछ, जगमुनले भन्नुभयो, व्यावसायिक लाइसेन्स बनाउन आउनुभएको रहेछ। सौभाग्यवशः मनालीमा भेट भयो। भेट हुँदा सुरुमा उहाँले आफूलाई नचिनेको जनाउनुभयो।दलबहादुरले गाउँ, समाज र परिवार सबैको याद आए पनि कामको सिलसिलाले बिर्से जस्तो भएको अनुभूति राससलाई सुनाउनुभयो। म २०५५ सालमा भारत छिरे। त्यतिबेला नेपालमा चरम द्वन्द्वको समय थियो। सहजै घर जानसक्ने अवस्था थिएन, उहाँले भन्नुभयो, पछिल्ला दिनमा कसैसँग भेटघाट र फोन सम्पर्क हुन सकेन। बस्दा बस्दा वर्षौं बितेको पनि पत्तै पाइन।भाइका साथै छोरा कृष्णसँग कुरा भएको जनाउँदै उहाँले दुई/तीनपछि नेपालगञ्जसम्म गएर पुनःभारत फर्कने र दसैंको समयमा घरपरिवार भेट्न जुम्ला पुग्ने बताउनुभयो।रासस

ताप्लेजुङमा ४५ प्रतिशत रोपाइँ

टुडे एक्सप्रेस / फुङ्लिङ



निरन्तर वर्षा भएसँगै ताप्लेजुङमा ४५ प्रतिशत धान रोपाइँ सकिएको छ। असारको तेस्रो सातासम्ममा ४५ प्रतिशत रोपाइँ सम्पन्न भएको हो।

लेकाली तथा बाँझो जमिनमा धान रोपाइँ सम्पन्न भएको हो। रोपाइँ सुरु गर्ने समयदेखि नै वर्षा भएकाले जिल्लाका किसानले अहिले पनि सहजरुपमा रोपाइँ गरिरहेका कृषि ज्ञान केन्द्र सम्पर्क कार्यालयका प्राविधिक सहायक केदार धितालले बताउनुभयो।

उहाँका अनुसार गत वर्षभन्दा यस वर्ष समयमै सहजगरी किसानले रोपाइँ गर्न पाएका छन्।

हालसम्ममा धानखेती हुने लेकक्षेत्र र बाँझो खेतमा करिब किसानले रोपाइँ गरिसकेका उहाँको भनाइ छ।

हिमाली जिल्ला भएकाले ताप्लेजुङमा जेठको दोस्रो सातादेखि नै रोपाइँ सुरु गर्ने गरिएको छ। यसपाली जेठ मसान्तभित्रै जिल्लामा करिब १५ प्रतिशत बढी रोपाइँ भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क रहेको छ।

बाँझो खेतमा रोपाइँ सकेर मकैखेती गरिएको ठाउँ अर्थात् औल क्षेत्रतिर यतिबेला रोपाइँ गर्न थालिएको छ। सदरमुकामस्थित फुङ्लिङ नगरपालिका, तथा सिदिङ्वा, पाथीभरा याङ्वरक, मिक्वाखोला, मैवाखोला, फक्ताङ्लुङ, सिरिजङ्घा, मेरिङ्देन र आठराई त्रिवेणी गाउँपालिकामा किसानले धमाधम रोपाइँ गरिरहेका कृषि ज्ञान केन्द्रले जनाएको छ।जिल्लाको नौवटा स्थानीय तहका ६१ वडामध्ये उच्च हिमाली क्षेत्रका केही वडामा धानखेती गरिँदैन।

बाँकी सबै क्षेत्रमा धानखेती अर्थात् रोपाइँ गर्ने गरिएको छ। कृषि ज्ञान केन्द्रका अनुसार सिङ्गो जिल्लाको खेतीयोग्य जमिन २७ हजार ५५१ हेक्टर क्षेत्रफलमध्ये हाल आठ हजार ७३७ हेक्टरमा धानखेती गरिँदै आएको छ।रासस

महत्वपूर्ण टेलिफोन नम्बरहरू

धनुषा (०४१-)

सिडिओ जिल्ला प्रशासन कार्यलय	९८५४००७७७७
एसपी जिल्ला प्रहरी कार्यलय	९८५४००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०६
ट्राफिक प्रहरी निरिक्षक	९८५४०९०४०२
प्रहरी (हटलाईन)	१००, ४२००९९, ४२०२९९
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर)	५२००३३
आ"खा अस्पताल	५२०३९७
रक्तसंचार (रेडक्रस)	५२०८७०
जनकपुर सिटी हस्पिटल भानुचौक	५२५०१
जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक	५२५३४१
कृष्णा नर्सिङ्गहोम	५२१९१८
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३६
बरुण यन्त्र (जनकपुर)	५२००११

काठमाण्डौं (०१-)

प्रहरी कन्ट्रौल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
विर अस्पताल	४२२१२२९
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८, ४४२७४५२
नेपाल अर्थोपेडिया अस्पताल	४९११७२५
प्रसूतीगृह थापाथली	४२५३२७६
तिलगंगा आ"खा अस्पताल	४४९३६८४
कान्तिपुर अस्पताल तीनकुने	४१११९५७/८५८
बी एण्ड बी अस्पताल	४४३३२०६
गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट	४२५८५५२
नर्भिक हस्पिटल, थपाथली	४२५८५५४
सहिद गंगालाल रा. हृदयरोग केन्द्र	४३७१३२२

पर्सा

प्र.जि.अ.(सिडिओ)	९८५५०७७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१११
ट्राफिक प्रहरी निरिक्षक	९८५५०९०७०१

बारा

प्र.जि.अ. (सिडिओ)	९८५५००७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०८
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८११६४

रौतहट

प्र.जि.अ. (सिडिओ)	९८५५०३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०३५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१००७
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८२६०८

सर्लाही

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक(नेपाल प्रहरी)	९८५४०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२११०
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१४५४

महोत्तरी (०४४-)

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५४०८५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०९
ट्राफिक प्रहरी निरिक्षक	९८५२०९०२७१
प्रहरी (जलेश्वर)	०४४-५२०००९
जलेश्वर अस्पताल	०४४-५२००७०
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	५२००६६,५२०१६
वरुण यन्त्र (जलेश्वर)	०४४ ५२००९७

सिरहा

प्र.जि.अ.(सिडिओ)	९८५२८३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८६५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०५
ट्राफिक प्रहरी निरिक्षक	९८५२८९०१४४

सप्तरी

प्र.जि.अ. (सिडिओ)	९८५२८५७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८५५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०४
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१३७७

सम्पादकीय...

समस्या समाधान गर

विगत दुई दिनदेखिको अविरल वर्षाका कारण जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश घर जलमग्न भएको छ। पानीको उचित निकास नहुादा अविरल वर्षाका कारण बस्ती नै जलमग्न भएको र यसको प्रभावमा उपमहानगरपालिकाका उपप्रमुखसमेत परेका छन। अधिकांश घरमा पानी जमेपछि स्थानीयवासी समस्यामा परेका छन्। अघिल्लो नगरप्रमुखलाई पानी निकासको समस्याबारे सुनाउादासमेत कुनै सुनुवाइ नभएकाले आफूहरू बर्सेनि यस्तो समस्या व्यहोर्दै आएको उनको गुनासो छ । आफूहरू भर्खरै निर्वाचित भएकाले पानी निकासको ठोस उपाय गर्न नसकिए पनि अब यसको दिगो समाधानका लागि प्रयास गर्ने उनले बताए। यस्तै हिजोदेखिको अविरल वर्षाका कारण जनकपुरधामस्थित अधिकांश सरकारी कार्यालय परिसरमा पानी जमेका छन्। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, हुलाक कार्यालयलगायतका सरकारी कार्यालय परिसरमा पानी जमेको छ। अविरल वर्षाका कारण बजारमा चहलपहल घट्दा व्यापार व्यवसायी प्रभावित भएको छ। निरन्तरको वर्षाका कारण सरकारी कार्यालयमा आउने सेवाग्राही घटेका छन्। वर्षाका कारण जनजीवन प्रभावित भए पनि अहिलेसम्म मधेस प्रदेशमा कुनै मानवीय क्षति नभएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ। हुनतः वर्षाले जमाएको पानीबाट जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख पनि प्रभावित भएको छ तर उपप्रमुख किशोरी साहले लज्जास्पद जस्तै आफनो कत्वयनै नरहेको ठानेर मिडियामा फोटो खिचाएर दिनभर चर्चाको विषय वने। यदि जनप्रतिनिधीले नै आफनो अवस्था यस्तो छ केहि गर्न सकिन्न भनेर फोटो शेयर गर्छ भने लज्जाको विषय हो। यस्तो जनप्रतिनिधीलाई कुर्सीमा वस्ने कुनै अधिकार नै छैन। बरु उनले यथासिघ्र भनौ या आपतकालीन वैठक वसाएर पानीको निकास कसरी निस्कीने हो त्यस विषयमा सोच्नुपर्ने मात्रै नरहेर समाधान गर्नुपर्ने मा आफु र आफनो घर पानीमा डुवेको तस्वीर सार्वजनिक गर्नु गलत हो। हुनतः विहिवारबाट वर्षा हुन बन्द भएको छ तर जनकपुरधाम उपमहानगरपालिकाले यसको निकासका लागि समयमै ध्यान दिएर नगरवासीको समस्यालाई समाधान गर्नु आवश्यक रहेको हाम्रो ठमयाई रहेको छ।

खेर गएको प्लास्टिकबाटै उत्पादन हुन्छ इन्धन

रमेश लम्साल

हरेक दिन एकजना व्यक्तिले ३१७ ग्राम फोहोर उत्पादन गर्छ। एसियाली विकास बैंकको सहयोगमा फोहोर मैला व्यवस्थापन तथा प्रशोधन केन्द्रले तयार पारेको विवरण हो। यो विवरण सन् २०१३ को हो। पछिल्ला दिनमा आइपुग्दा यसमा केही परिवर्तन भएको छ। एक जनाले दैनिक आधा किलो अर्थात् ५०० ग्राम बराबरको फोहोर उत्पादन गर्छ। त्यो फोहोरमा प्लास्टिकको मात्रा १२ प्रतिशत बराबर रहन्छ। काठमाडौँ उपत्यकाभित्र मात्रै दैनिक एक हजार १४० मेट्रिक टन बराबरको फोहोर उत्पादन हुन्छ। त्यो फोहोर कहाँ कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा सधैँको रडाको हुने गरेको छ। फोहोर विसर्जन गर्ने स्थानमा काठमाडौँ महानगरपालिकाले जबर्जस्ती गरेको गुनासो छँदैछ। फोहोर व्यवस्थापन नहुँदा काठमाडौँको सडक दुर्गन्ध हुने गरेको छ भने फोहोर व्यवस्थापनकै लागि करोडौँ रुपैयाँ खर्च पनि भइरहेको छ। सरकारले महानगरपालिकाको फोहोरलाई दीर्घकालीन रुपमा समाधान गर्ने नीति ल्याउने र कार्यान्वयन गर्ने हो भने फोहोरलाई सजिलै मोहोर बनाउन सकिन्छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का वरिष्ठ वैज्ञानिक डा रवीन्द्र ढकालका अनुसार त्यत्तिकै खेर फालिएको प्लास्टिकजन्य फोहोरबाटै दैनिक तीन लाख ४२ हजार लिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ। नेपाल आयल निगमले इन्धन आयात गर्न नसकिने अवस्थामा पुगेको जनाइरहेको छ। पेट्रोलको प्रतिलिटर मूल्य रु १८१ पुगेको छ। त्यस्तै डिजेल प्रतिलिटर रु १७२ बराबर पुगेको छ। वरिष्ठ वैज्ञानिक डा ढकालसँग राससको जिज्ञासामा उहाँले भन्नुभयो, सम्भव छ। सकिन्छ। काठमाडौँ उपत्यकामा उत्पादन हुने फोहोरमध्ये ५७० टन फोहोर प्रशोधन हुन सक्छ। बाँकी रहेको ५७० टन प्लास्टिकजन्य फोहोर प्रशोधन गर्ने हो भने दैनिक ३४२ किलोलिटर इन्धन उत्पादन हुन सक्छ। त्यो भनेको तीन लाख ४२ हजार लिटर बराबर हो। उहाँका अनुसार प्लास्टिकको प्रशोधनबाट उत्पादन हुने इन्धनमा पेट्रोल, डिजेल र मट्टीतेल तीनवटै हुन्छ। यसबाट वातावरण पनि सफा हुन्छ।

घरमै इन्धन उत्पादन हुन्छ र विदेशी मुद्राको सञ्चिति पनि हुन जान्छ। नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रणालीको जडान सन् २०१६ मा नै गरेको हो। त्यतिबेला प्लास्टिकबाट इन्धन निकाल्नेसम्बन्धी द्विपक्षीय समझदारीमा नास्टका तत्कालीन प्रविधि सङ्गायका प्रमुख डा सुरेशकुमार ढुङ्गेल र इको पाटी जापानका अध्यक्ष चिसेको मात्सुमोतोले हस्ताक्षर गर्नुभएको थियो। नेपालमा यो प्रविधि नयाँ भए पनि संसारका विकसित मुलुकका लागि भने पुरानै हो। इको पाटी जापानले उपलब्ध गराएको प्रविधि र उपकरणबाट नास्टमा इन्धन निकाल्ने प्रविधिमा काम भइसकेको छ।

सुरुमा जडान गरिएको प्रविधिबाट एक किलो प्लास्टिकबाट करिब एक लिटर कच्चा इन्धन निकालिएको थियो। हाल नास्टमा १० किलो प्लास्टिक प्रशोधन गर्ने मेशिनसमेत छ। डा ढकालका अनुसार सरकारले लगानी गर्ने हो भने ठूलो मात्रामा बाहिरिएको विदेशी मुद्राको सञ्चिति कायम राख्न सकन्छ।हामी स्रोत र साधन भएर पनि गरिब भएका छौँ र क्रमशः परनिर्भर बन्दै गएका छौँ। खोलामा बगाएर वा डढाउने गरिएको प्लास्टिकबाट इन्धन उत्पादन गर्न सकिन्छ। सरकारलाई मेरो आग्रह छ। यसमा काम गर्न ढिला भइसक्यो, उहाँले भन्नुभयो। प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपाल भित्रिएको लामो समय भए पनि त्यसमा काम भने अगाडि बढ्न सकेको छैन। सीमा नाकामा अवरोध भएको बेला यस विषयले प्राथमिकता पाउने गर्दछ भने इन्धन आयात सहज भएपछि यो विषय हराएर जाने गरेको छ। यतिबेला रुस र युक्रेनबीच चलेको युद्धको बाछिटा नेपालमा पनि परेको छ। विदेशी मुद्राको सञ्चिति घट्ने प्रमुख कारणमा इन्धन आयात पनि एक हो। नेपाल आयल निगमको विवरणअनुसार चालु आवको ११ महिनामा नै झन्डै रु दुई खर्ब ५० अर्ब बढीको इन्धन आयात भएको छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य उकालो लाग्दा देशभित्र महङ्गीको ग्राफसमेत उकालो लाग्छ। इन्धनको मूल्य बढ्दा त्यसले हरेक क्षेत्रमा प्रभाव पार्छ। सरकारले सात प्रतिशतको हाराहारीमा सीमित गर्ने भनेको मुद्रास्फीति दोहोरो अङ्कमा पुग्ने सम्भावना बढेर गएको छ। त्यसलाई रोक्न पनि सरकारले केही आन्तरिक तयारी गर्नु जरुरी भइसकेको छ। इन्धनमा देखिएको सङ्कटको केही हदसम्म भए पनि खेर जाने प्लास्टिकबाट गर्नेतर्फ ध्यान जानु आवश्यक छ। सामान्यतः एक किलोग्राम प्लास्टिकबाट ७०० मिलिलिटर पेट्रोल उत्पादन गर्न सकिन्छ। नास्टका वैज्ञानिकसमेत रहनुभएका डा ढकालका अनुसार सामान्य पानीको बोत्तल एक किलोग्राम प्रशोधन गर्दा ७०० मिलिलिटर कच्चा इन्धन उत्पादन हुन्छ भने सोही बोतलको बिर्को प्रयोग गर्दा ८०० मिलिटरसम्म

कच्चा इन्धन उत्पादन हुन सक्छ।प्लास्टिकको मात्रा र गुणस्तरका आधारमा इन्धन के कति परिमाणमा उत्पादन हुन्छ भन्ने कुराको निर्धारण हुन जान्छ। प्लास्टिकले वातावरण प्रदूषणमा पनि उल्लेख भूमिका निर्वाह गरिरहेको छ। नास्टले त्यसबाट इन्धन निकाल्ने प्रविधि पनि ल्याएपछि प्लास्टिक सार्वजनिक स्थानमा नफाल्न र पुनः प्रयोगका लागि सङ्कलन गर्न आग्रह पनि गरियो तर त्यसमा कुनै ठोस काम भएन। सरकारले चाहने हो भने ठूलो मात्रामा इन्धन निकाल्ने प्रविधि केही समयभित्रै जडान गर्न सकिने डा ढकालको भनाइ छ। सम्भव छ, गर्न सकिन्छ र इन्धन उत्पादन हुन्छ भन्ने विश्वास आम रुपमा भइसकेको छ। प्लास्टिकजन्य फोहोर जलाउँदा निष्कासन हुने कार्बनडाइअक्साइड तथा फ्युरानजस्ता विषाक्त ग्यासले क्यान्सरजन्य रोग निम्त्याउने, माटोको उर्वराशक्ति घटाउने, जमिनमा पानी रिचार्ज हुन नदिने, सहरको सौन्दर्य घटाउने, जस्ता समस्या हामी आफैँले भोग्दै आएका छौँ। हिमालबाट सुरु भई प्लास्टिक प्रदूषण समुद्रसम्म पुग्ने भएकाले त्यसलाई नियन्त्रण गरी वातावरण संरक्षण गर्न पनि प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपाल जस्ता देशका लागि झनै उपयुक्त हुन जान्छ। जापानले यसमा ठूलो प्रगति गरेको छ। दक्षिण अफ्रिका, अमेरिका, क्यानडा जस्ता मुलुकमा प्लास्टिकबाट व्यावसायिक रुपमा इन्धन उत्पादन गरिएको छ।काठमाडौँ उपत्यकाभित्र दुईवटा महानगर छन्। फोहोर उत्पादन हुने प्रमुख थलोका रुपमा ती महानगर नै परिचित छन्। यस्तै अन्य स्थानीय तहको समेत फोहोरलाई प्रशोधन गरेर इन्धन निकाल्ने उपायको खोजी गर्न धेरै ढिला भइसकेको जानकारी दिँदै डा ढकालले भन्नुभयो, सरकारको साथ र सहयोग रहने हो भने यसमा निजी क्षेत्रको पनि उत्तिकै चासो रहन सक्छ। एसियाली विकास बैंकले त यसमा लगानी गर्न इच्छुक रहेको बताइसकेको छ।फोहोर व्यवस्थापनको विषय सहरी तथा सहरोन्मुख क्षेत्रको प्रमुख समस्याका रुपमा खडा भएको सन्दर्भमा सरकारले एउटा नमुना परियोजना नै सुरु गर्नुपर्ने सुझाव छ डा ढकालको। विराटनगर, वीरगञ्ज, नारायणगढ, पोखरा, दाङ, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर जस्ता ठूला सहरबाट सङ्कलन हुने प्लास्टिकजन्य फोहोरबाटै पनि दैनिक तीन लाख लिटरभन्दा बढी इन्धन उत्पादन गर्न सकिने उहाँको भनाइ छ। नेपाललाई आवश्यक पर्ने बराबरको इन्धन फोहोरबाटै उत्पादन गर्न सकिन्छ।काठमाडौँ उपत्यकाभित्र महानगर आफैँले पहल गरेको छैन, नास्टले मात्रै यसमा अनुसन्धान गरिरहेको छ। तर, उद्योग, वाणिज्य तथा आपूर्ति र ऊर्जा मन्त्रालयले यसमा विशेष चासो दिएर काम गर्नुपर्ने आवश्यकता छ। नसड्ने त्यसमा पनि प्लास्टिकजन्य फोहोरलाई इन्धन बनाउनेतर्फ कार्य थालनी गरे त्यसले फोहोर व्यवस्थापन पनि हुन्छ। विकल्प पनि तयार हुने देखिन्छ। खासगरी सहरी क्षेत्रमा प्लास्टिकजन्य फोहोर ठूलो समस्याका रुपमा रहेको छ। प्लास्टिकजन्य फोहोरबाट डिजेल, पेट्रोल, मट्टीतेल उत्पादन गर्न सकिन्छ। प्लास्टिकबाट डिजेल मात्रै निस्कन्छ भन्ने होइन भन्ने जानकारी दिँदै डा ढकाल विभिन्न रसायनिक प्रतिक्रिया गराएर फर्नाइस तेल पनि उत्पादन गर्न सकिने बताउनुहुन्छ। व्यावसायिक उत्पादनका लागि सरकार र निजी क्षेत्रलाई मार्ग प्रशस्त गर्न नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि भित्र्याएको उहाँको भनाइ छ।

बाँझो जमिनमा रोपौँ सजीवन

नेपालको इन्धनमा देखिएको समस्या समाधानका लागि खाली रहको जमिनमा सजीवन (ज्याट्रोफा) रोप्न सुझाव दिनुहुन्छ। सजीवनको दानाबाट बायो-इन्धन उत्पादन गर्न सकिन्छ। राजमार्गको दायाँबायाँ क्षेत्रमा मात्रै सजीवन लगाउन सकियो भने मात्रै पनि देशको मागअनुसारको बायो-इन्धन उत्पादन सकिने ढकालको भनाइ छ। वरिष्ठ कृषि अधिकृत कुलप्रसाद सुवेदीका अनुसार नेपालको पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मको तराई क्षेत्रमा यसको खेती सफलतापूर्वक गर्न सकिन्छ। त्यस्तै गरी महाभारत पर्वतको तल्लो कठार एवं भावर क्षेत्रमा पनि यसको खेती विस्तार गर्न सकिन्छ। पत्थरिलो एवं ग्रेग्र्यानयुक्त हल्का माटो सजीवन खेतीका लागि उपयुक्त मानिन्छ। बाटो छेउछाउ बारका रुपमा, सामुदायिक वनसँगैको पाखापखेरा, गल्छी नदी किनारमा यसको खेती गर्न सकिन्छ। जानकारहरूका अनुसार यसको फलबाट ३८.५ प्रतिशत बराबरको अखाद्यजन्य तेल निस्कन्छ। यसको तेल मेशिनरी कलकारखाना तथा मोटर, ट्र्याक्टर आदिमा डिजेलसँग ४० प्रतिशतसम्म मिसाएर प्रयोग गर्न सकिन्छ। प्रतिरोपनी ४० लिटर तेल उपलब्ध हुँदा एक लाख रोपनी क्षेत्रफलमा सजीवन रोप्दा ४० लाख लिटर इन्धन उत्पादन हुन सक्छ।

सजिलै बन्छ इथानोल

देशभित्र रहेका चिनी कारखानाबाट सजिलै इथानोल बनाउन सकिने डा ढकालको भनाइ छ। देशभर निजी क्षेत्रका विभिन्न चिनी कारखानामामा बगास तथा चिनी उत्पादन भएर बाँकी रहेको सामग्रीको प्रयोग गरेर इथानोल बनाउन सकिन्छ। डा ढकालका अनुसार बायो-डिजल र इथानोल बनाई तत्कालै पाँचदेखि १० प्रतिशत मिसाउन सकिएको खण्डमा मात्रै दुई लाख किलोलिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ। त्यसबाट वार्षिक रु २० अर्ब बराबरको रकम देशभित्रै बचत गर्न सकिन्छ। सरकारले २०६० सालमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउनुपर्ने निर्णय गरेको थियो। यसैअनुसार २०७१ सालमा निगमले आवश्यक तयारी पनि गरेको थियो तर त्यसको कार्यान्वयन नहुँदा ठूलो धनराशि विदेसिँदै आएको छ।रासस

प्राप्त अधिकार संस्थागत गर्दै थप संघर्ष गर्नुपर्छ : मन्त्री रेग्मी

टुडे एक्सप्रेस/काठमाडौं

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले महिलाको विषयमा प्राप्त अधिकार संस्थागत गर्दै थप अधिकारको निम्ति सङ्घर्ष गर्नुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रिय महिला आयोगद्वारा बुधवार आयोजित 'योगमाया स्मृति दिवस' कार्यक्रममा उहाँले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त महिलाको हक अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति एकीकृत रुपमा सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

मन्त्री रेग्मीले भन्नुभयो, संविधानमा महिलाको शिक्षा, स्वास्थ्य, राज्यका निकायमा प्रतिनिधित्वको सवाललाई सुनिश्चित गरिएको छ, तर त्यसलाई व्यावहारिक रुपमै कार्यान्वयन गर्न महिलाहरूले नै सङ्घर्ष गर्नुपर्ने छ। उहाँले महिलाहरूका लागि आरक्षण सदाका निम्ति नभएर राज्यका हरेक संरचनामा महिला र पुरुष बराबरी नभएसम्मका लागि मात्रै भएको प्रस्ट पार्नुभयो। मन्त्री रेग्मीले अन्य विभिन्न देशको तुलनामा नेपालमा महिलाहरूको सक्रियता, सहभागिता बढ्दै गएको उल्लेख गर्दै अझै मुख्य जिम्मेवार पद र राज्यको नीति निर्माण तहमा समान सहभागिताका निम्ति स्थानीय निकायबाटै पहल सुरु गर्नुपर्ने धारणा राख्नुभयो। महिलामाथि हुने हरेक प्रकारका विभेद अन्त्यका लागि भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै घर-घरमा सचेतना अभियान सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ। मन्त्री रेग्मीले भन्नुभयो, महिला हिंसाको जरो घरभित्रै छ, त्यसलाई अन्त्य गर्न घरभित्रबाट प्रयास थाल्नुपर्छ, अब त्यसबारेमा महिलालाई मात्रै होइन, महिला र पुरुषलाई सँगै राखेर तालिम दिनुपर्छ। महिला आयोगका अध्यक्ष कमला पराजुलीले राज्यका हरेक संरचनामा महिलाको समान सहभागितामा जोड दिनुभयो।रासस

सेवा बिस्तार हुँदा बिरामीलाई सहज

टुडे एक्सप्रेस/देउखुरी

दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य सेवा बिस्तार भएपछि बिरामीलाई सहज भएको छ। महँगो गाडी भाडा तिरेर नेपालगञ्ज, बुटवल वा काठमाडौं जानुपर्ने बाध्यता हटेको छ। बिरामीले प्रतिष्ठानमा बिस्तारित सेवाअन्तर्गत फिजिसियन, प्रसूति, सर्जन, हाडजोर्नी, बालरोग, मानसिक, छाला, नाककान घाँटी रोग विशेषज्ञसहित अत्याधुनिक उपकरणसहितको ल्याबबाट सेवा पाउने गरेको बताइएको छ। प्रतिष्ठानमा बिस्तारित सेवा (इएचएस) सुरु हुने भएको छ। बिस्तारित सेवा प्राप्त गर्ने बिरामीलाई लाइनमा लाग्नु नपर्ने र आफूले रोजेको चिकित्सकबाट उपचार सेवा प्राप्त गरेमा बिरामी थप लाभान्वित हुने प्रतिष्ठानका उपकुलपति डा विकास लामिछानेले जानकारी दिनुभयो।उहाँले बिस्तारित सेवा प्रभावकारी हुने र चिकित्सकबाट विशेषज्ञ सेवा बिरामीले द्रुतगतिमा पाउने बताउनुभयो। बिस्तारित सेवा हरेक दिन दिउँसो १२ बजेपछि नाम दर्ता गरेर अस्पतालको टिकट काट्ने व्यवस्था मिलाइएको र १ बजेपछि बिरामीले सेवा पाउनेछन्। अस्पतालमा आउने बिरामीले जनरलबाहेकको समयमा आफूले इछ्याएको र रोजेको चिकित्सकबाट उपचार सेवा दिने उद्देश्यले 'इएचएस' सेवा सुरु हुन लागेको उपकुलपति डा लामिछानेले जानकारी दिनुभयो।यसै गरी प्रतिष्ठानले पोषण पुनःस्थापना गृहबाट ४२ जना कुपोषित बिरामीलाई उपचार सेवा दिएको जनाइएको छ। विसं २०७० मा रु ६० लाखको लागतमा दुईतले भवन बनाएर पाँच वर्ष आफैंले चलाएर २०७५ असार मसान्तमा नेपाल युथ फाउन्डेसनले हस्तान्तरण गरेपश्चात् सञ्चालनमा ल्याउने प्रयास गरिए पनि २०७८ पुस १ गतेदेखि विधिवत्रुपमा सञ्चालनमा आएको हो। पोषण पुनःस्थापना गृहबाट साविक राप्तीका दाङ, प्यूठान, सल्यान, रोल्पा र रुकुमका कुपोषित बिरामीको उपचार गरिएको जानकारी गराइएको छ। पोषण अधिकृत सर्जु बरालले हाल छ शय्याबाट सेवा प्रदान गर्दै आएको जानकारी गराउँदै हालसम्म ४२ जना भर्ना भएकामा ३६ घर फर्किएका र छ जना उपचाररत रहँदा एक जनालाई भने रिफर गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार, २०७८ को पुसमा एक, माघमा एक, फागुनमा सात, चैतमा आठ, वैशाखमा १०, जेठमा आठ र असारको १४ गतेसम्म सात जना गरी ४२ जना भर्ना भएकामा उपचारपछि ३६ जना डिस्चार्ज भएको जानकारी दिनुभयो। उपचारका लागि आउने बिरामीलाई पोषण सुरक्षासहित आहार, औषधि, उपचार निःशुल्क, जाँच परीक्षण, चिकित्सकको निर्देशनअनुसार औषधि पनि हुने गरेको बताइएको छ।उपचारका लागि सबैभन्दा सल्यानबाट कुपोषित बिरामी आउने गरेको जानकारीसमेत गराइएको छ। उपकुलपति डा विकास लामिछानेले केन्द्रको मात्रै बजेटले उपचार सेवा सम्भव नहुने भन्दै सकेसम्म कुपोषण हुनै नदिने गरी समुदायस्तरमा सचेतना बढाउने कार्यक्रम अघि सार्नुपर्नेमा जोड दिनुभयो। समुदायमा रहने नागरिकको स्वास्थ्यका लागि वडास्तरबाटै पहल हुनुपर्ने भए पनि अहिले पनि स्थानीय सरकार पूर्वाधार निर्माणमात्रै केन्द्रित हुँदा मानवीय विकास पछि पर्दै गएको उहाँले भन्नुभयो, मानव विकास सूचकाङ्क सुधार गर्न उनीहरूको आधारभूत तहको सेवा र सुविधामा ध्यान दिनुपर्छ, जसका लागि समुदायस्तरमा सचेतना पुऱ्याउनुपर्छ।

उहाँले अहिलेको भौतिक विकासले मानिसलाई धेरै कुरामा प्रभाव पार्दै लगेको हुँदा सचेत नागरिक, सेवा प्रवाहमा खटिने निकायले सही सूचना र सन्देश दिँदै मानवीय जोखिमबाट बचाउनुपर्ने बताउनुभयो। 'अण्डा बेचेर चाउचाउ खान्छौं, दूध बेचेर रक्सि खान्छौं' अनि कसरी मानिस स्वस्थ हुन्छ ? समुदायस्तरमा सुआहारा जस्ता कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। प्रतिष्ठान अस्पताल निर्देशक डा प्रज्ञा बस्नेतले हालको सेवा सुविधा बढाउन पूर्वाधार विकासमा ध्यान दिने जानकारी दिनुभयो। सेवाको पहुँचसँगै आम नागरिकमा पोषण सुरक्षाका बारेमा सही जानकारी दिनेगरी प्रतिष्ठानले निरन्तर कार्यक्रम गर्दै जाने उहाँको भनाइ थियो। सुआहाराका कार्यक्रम अधिकृत रोशन पौडेलले दाङमा एक हजार २०० बढी कुपोषित बिरामी रहेको जानकारी गराउँदै समुदायस्तरमा पुगेर उनीहरूको उपचार गर्न चुनौतीपूर्ण बन्दै गएको बताउनुभयो। उहाँले जानेका व्यक्तिले लापरवाही गर्ने तथा दूरदराजका नागरिकले नजानेरै कुपोषणको सिकार हुनेक्रम रहेको बताउनुभयो। कतिपय अत्यन्तै विपन्न भएकै कारण बालबालिका कुपोषणको सिकार भएका छन् भने कतिपय पोषण स्वास्थ्यका बारेमा जानकारी नपाएर प्रभावित भएका छन् यसमा सबै पक्षको सहयोग चाहिन्छ, उहाँले भन्नुभयो, वडाले यस्ता कुरामा पहल गर्नु जरुरी छ, त्यसका लागि लक्षित बिरामीको उपचारमा वडाले पहुँच बढाउनुपर्छ। जिल्लामा अहिले कडा खालको कुपोषित बिरामी करिब ४०० बढी रहेको पनि कार्यक्रम अधिकृत पौडेलले जानकारी गराउनुभयो। कुपोषण दर घटाउन र स्वस्थ नागरिक बनाउन समुदायस्तरबाटै स्वास्थ्य सचेतना बढाउनुपर्ने हुँदा स्थानीय सरकारसँगको सहकार्यमा अब बृहत्रुपमा कार्यक्रम गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ।रासस

चिउरी संरक्षणका लागि एक लाख बिरूवा रोपिंदै

टुडे एक्सप्रेस/उदयपुर

जिल्लाको उत्तरी पहाडी क्षेत्रको लिम्चुङबुङ गाउँपालिकाले स्थानीय क्षेत्रमा पाइने महत्वपूर्ण तथा उपयोगी वनस्पति र हिजोआज लोप हुँदै गइरहेको महत्वपूर्ण वृक्ष चिउरी संरक्षणका लागि एक वर्षभित्र एक लाख बिरुवा रोप्ने अभियान सञ्चालन गरेको छ।गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईका अनुसार पालिकाले लोपोन्मुख चिउरी संरक्षणका लागि मात्र झन्डै रु एक करोड ५० लाख बजेट विनियोजन गरिसकेको जानकारी दिनुभयो। आगामी आर्थिक वर्षबाट चिउरीको वृक्षरोपण गर्ने र त्यसपछिका वर्षसम्ममा पालिकाका सबै वडाहरूका गाउँ र टोलटोलमा एक लाख बराबर बिरुवा रोपिने अध्यक्ष राईले बताउनुभयो।उहाँले भन्नुभयो, चिउरी र हाम्रो पुर्खाहरूको साइनो धेरै पुरानो हो, हिजो हाम्रा पुर्खाहरूदेखि नै गाउँघरमा चारैतिर पाइने र संरक्षण गर्दै आएको चिउरी लोप हुने अवस्थामा पुगेको छ, चिउरीको फलको रस हाम्रो नसानसामा छ, यस कारण पनि यसको संरक्षणका लागि पालिकाले बजेट नै व्यवस्थापन गरेको हो।सो पालिकाका उपाध्यक्ष पुष्पलाल राईका अनुसार चिउरी संरक्षण गर्ने अभियान पालिकाले यस पटकदेखि सञ्चालन गरेको र यसका धेरै फाइदा रहेको बताउनुभयो। वातावरण तथा पर्यावरण सन्तुलनका लागि गाईवस्तुलाई घाँस र मौरीपालनका लागि चिउरी अति नै उपयोगी हुने कारण पालिकाले अब लोपोन्मुख हुँदै गइरहेको चिउरी संरक्षणका लागि बजेट नै व्यवस्थापन गरेर बिरुवा रोप्ने अभियान सुरु गरेको उहाँको भनाइ छ।चिउरीका बिरुवा हुर्काउनका लागि पालिकाको वडा नं ४ जाँते, १ बराह र ३ ताम्लीछामा कृषि प्राविधिकको सल्लाह तथा सहयोगमा नर्सरी प्लान्ट निर्माण गरिने पालिकाले जनाएको छ।रासस

वर्षौंदेखिको प्रसारण लाइन निर्माणको अवरोध हट्यो

टुडे एक्सप्रेस/काठमाडौं

सर्वोच्च अदालतले पछिल्लो १० दिनमा एउटै विषयमा एउटा महत्वपूर्ण फैसला गरेको छ। विशेषगरी प्रसारण लाइन निर्माणसँग जोडिएका ती फैसलाले लामो समयसम्म निर्माणमा देखिएको अवरोध खुलेको मात्रै छैन, आगामी दिनका लागिसमेत थप सहज बनाइदिएको छ।विकास निर्माणको काममा अवरोध गर्ने प्रवृत्ति पछिल्ला दिनमा मौलाएको छ। आयोजनाको क्षमताभन्दा पनि बढी माग गर्ने प्रवृत्ति बढ्दै जाँदा विकासकर्तालाई पनि समस्या परेको छ। एकातिर देशभित्र उत्पादित बिजुली खेर फाल्नुपर्ने अवस्था छ भने अर्कोतर्फ देशभित्रै नै सहज रुपमा उपलब्ध गराउन नसकिने अवस्था सिर्जना भएको छ।सर्वोच्च अदालतले यही असार १२ गते र असार २१ गते प्रसारण लाइनसँग जोडिएका विषयमा महत्वपूर्ण फैसला गरेको छ। यसले दीर्घकालीन रुपमा पनि काम गर्न मार्ग प्रशस्त गरिदिएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका शब्दमा हरेक प्रसारण लाइनको एउटा टावर नै समग्रमा एउटा आयोजना जस्तो बन्ने गरेको छ। सबै काम सकिँदा पनि एउटा मात्रै टावर बन्न नसक्दा त्यसले काम गर्दैन।पछिल्ला दिनमा काठमाडौं आसपास र पूर्वी क्षेत्रमा बिजुलीको उत्पादन बढी छ। त्यो बिजुली पीश्चम नेपाल पुऱ्याउन नसक्दा उपभोक्ताले गुणस्तरीय बिजुली पाउन सकेका छैनन्। प्राधिकरणले भारतलाई ३६४ मेगावाट बिजुली बिक्री गरिरहेको छ भन्ने समाचार सुनेका पश्चिम नेपालमा नागरिकलाई त्यो समाचार 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भने जस्तै भएको छ। किनकि, भोल्टेज नपुगेको बिजुली उपभोग गर्नुपर्दाको पीडा आफ्नो ठाउँमा छ। त्योसँगसँगै उद्योग व्यवसायको विस्तारसमेत हुन सकेको छैन। लामो समयदेखि पूर्वको बिजुली पश्चिम लैजान महत्वपूर्ण मानिएको एक प्रसारण लाइनको दुईवटा टावर निर्माणमा भइरहेको अवरोध हट्दा प्राधिकरणले ठूलो राहत महसुस गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासले हेटौंडा- बर्दघाट प्रसारण लाइनको अवरोध हटाइदिएको छ। यही असार १२ गतेको आदेशपछि प्राधिकरणलाई काम गर्न मार्ग प्रशस्त भएको छ।सो फैसलापछि नवलपरासीको दुम्कीबासमा दुईवटा टावर गाड्नका लागि सहज भएको छ। सो स्थानमा दुईवटा टावर बन्न नसक्दा पूर्वको बिजुली पीश्चम लैजान नसक्दा पश्चिम नेपालले गुणस्तरीय बिजुली प्राप्त गर्न सकेको थिएन।हेटौंडा बर्दघाट २२० केभी प्रसारण लाइनअन्तर्गत नवलपरासीको दुम्कीबासमा दुईवटा टावर निर्माण हुन नदिन स्थानीयवासीले अवरोध गर्दै आएका थिए। आजको आदेशपछि रिट खारेज भएको र स्थानीयवासीलाई कानुनअनुसार क्षतिपूर्ति उपलब्ध गराएर काम गर्न प्राधिकरणलाई सहज भएको थियो। यस्तै, मङ्गलबार पुनः सर्वोच्चले सोही प्रकृतिको आदेश दियो। पूर्वमन्त्री सरिता गिरीले दायर गरेको रिट सर्वोच्चले खारेज गरिदिएको छ।विशेषगरी लामो समयदेखि अवरोध हुँदै आएको हेटौंडा- ढल्केबर इनरुवा ४०० केभी प्रसारण लाइन आयोजना निर्माणमा अब भने सहज भएको छ।

सर्वोच्च अदालतका न्यायाधीद्वय ईश्वरप्राद खतिवडा र सुष्मालता माथेमाको संयुक्त इजलासले गिरीको रिट निवेदन खारेज गरिदिएको हो। प्रसारण लाइनको मार्ग परिवर्तन गर्नुपर्ने र सिराहको लहान नगरपालिका पडरियामा भइरहेको काम रोक्न माग गर्दै २०७५ माघ १६ गते रिट दायर गर्नुभएको थियो। सर्वोच्च अदालतको यसअघिको आदेशका कारण आठवटा टावर निर्माणमा अवरोध हुँदै आएको थियो। आन्तरिक रुपमा बिजुली प्रवाह तथा बढी भएको बिजुली भारत निर्यातका लागि महत्वपूर्ण मानिएको सो आयोजना झन्डै ८ वर्षदेखि निर्माणाधीन छ। कूल ४०० केभी क्षमताको डबल सर्किट सो आयोजनामा निरन्तर अवरोध हुँदा सरकारको अपेक्षित लक्ष्यसमेत पूरा हुन सकेको थिएन।प्रसारण लाइनको मार्ग परिवर्तन, वन क्षेत्रको जग्गा प्रयोग, सामुदायिक वनभित्र निर्माणमा देखिएको अवरोधका कारण आयोजनाले पाउनुसम्म दुःख पाएको छ। हेटौंडाबाट सुरु हुने सो आयोजनाले इनरुवा जोड्छ। सो आयोजना कूल २८८ किलोमिटर लामो छ। यस्तै कूल ७२९ वटा टावर निर्माण गर्नुपर्ने छ। त्यसमध्ये ६५९ वटा टावरको जग हालिएको छ भने ६३३ वटा खडा गरिएको आयोजना प्रमुख श्याम यादवले जानकारी दिनुभयो।प्रसारण लाइन हाई भोल्टेजको भएकाले केन्द्रबाट २३/२३ मिटर दायाँबायाँ रहनेछ। आयोजनाको क्षेत्रमा पर्ने वन क्षेत्रको जग्गा र निजी जग्गाको उपभोगमा सबैभन्दा बढी समस्या देखिएको थियो।प्रसारण लाइनमा लगातार देखिएको अवरोध खुलेपछि रासससँग कुरा गर्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले प्रसन्नता व्यक्त गर्नुभयो। उहाँले आगामी दिनमा यस्ता आयोजनाका काम गर्दा थप सहज हुने टिप्पणी गर्नुभयो। प्राधिकरणले प्रसारण लाइन निर्माणमा खेप्नु परेको समस्या समाधान भएको छ।

यसले दीर्घकालसम्म पनि हामीलाई सहज वातावरण बनाउँछ भन्ने विश्वास पैदा भएको छ, उहाँले रासससँग भन्नुभयो, प्रसारण लाइन आयोजना लामो समयसम्म रुग्ण हुँदा त्यसले ठूलो प्रभाव पारेको छ। त्यो समस्या अब भने समाधान हुन्छ भन्ने विश्वास बढेर गएको छ। उहाँले आयोजना निर्माणका लागि कानुनअनुसार प्राधिकरणले स्थानीयवासीलाई राहत, मुआब्जासमेत उपलब्ध गराएको र आगामी दिनमा पनि त्यो उपलब्ध गराउन कुनै कन्जुस्याइँ नगरिने दृढता व्यक्त गर्नुभयो।प्राधिकरणले निर्माण गरिरहेका अधिकांश प्रसारण लाइन निर्माणमा अवरोध छ। अवरोधका कारण तोकिएको समयमा नै सम्पन्न हुने अवस्था असाध्यै कम छ। त्यसबाट समय र लागत बढ्न गई झनै समस्या पैदा भएको छ। राष्ट्रिय लक्ष्यसमेत प्रभावित भएको छ।कार्यकारी निर्देशक घिसिङले विकास निर्माणका अन्य आयोजना र काममा समेत सर्वोच्च अदालतका पछिल्ला दुई महत्वपूर्ण फैसलाले सहज बनाउने बताउनुभयो। प्राधिकरणको नेतृत्वले पटक पटक प्रयास गर्दासमेत समस्या समाधान हुन सकेको थिएन। हेटौंडा-बर्दघाट २२० केभी प्रसारण लाइनमा कूल २४४ वटा टावर निर्माण भइसकेका थिए।दुईवटा टावर निर्माण सम्पन्न नहुँदा आयोजना सम्पन्न हुन सकेको थिएन। स्थानीयवासीले प्रसारण लाइनको मार्ग परिवर्तन गर्न माग राख्दै अवरोध गरेका थिए। त्यसमा एक गैरसरकारी संस्थाले स्थानीयवासीको माग भन्दै सर्वोच्चमा रिट दायर गर्न अगाडि सारेको थियो।पूर्वको बिजुली पश्चिम जान नपाउँदा स्थानीयवासीले प्राधिकरणलाई लगातार गुनासो गर्दै आएका थिए। पश्चिम नेपालमा गुणस्तरीय बिजुली नपाउँदा त्यहाँका जनताले आक्रोश व्यक्त गर्दै प्राधिकरणलाई लगातार समस्या समाधानका लागि ध्यानाकर्षण गराएका थिए।प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले एक महिनाभित्र प्रसारण लाइन निर्माणको काम सम्पन्न गर्ने घोषणा यसअघि नै गरिसक्नु भएको छ।सो प्रसारण लाइन नबन्दा पश्चिम नेपालमा सहज रुपमा बिजुली प्रवाह हुन सकेको थिएन। हाल सञ्चालनमा रहेको प्रसारण लाइन १३२ केभी क्षमताको हो। त्यसले बढीमा ९० मेगावाट मात्रै बिजुली प्रवाह गर्न सक्छ। प्रसारण लाइन नभएका कारण गत वर्ष प्राधिकरणले ठूलो मात्रामा बिजुली खेर फाल्नु परेको थियो।कूल २२० केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएपछि झन्डै ५०० मेगावाट बिजुली पश्चिमम नेपाल लैजान सकिन्छ। टनकपुरबाट वर्षायाममा समेत आयात गर्नुपरिरहेको बिजुलीको मात्रामा कटौती हुन्छ। हाल टनकपुरबाट ६० मेगावाट बिजुली आयात भइरहेको छ। सन् २०१० देखि सुरु भएको सो प्रसारण लाइनको निर्माण अवधि १२ वर्ष पूरा भएको छ। नेपाली समाजमा एउटा उखान प्रचलित छ, '१२ वर्षमा खोलो फर्किन्छ।' प्राधिकरणका हकमा सो फैसला त्यस्तै भएको छ।आयोजना निर्माणमा देखिएको अवरोध हटेपछि पूर्वको बिजुली अब सहज रुपमा पश्चिम प्रवाह हुनेछ। भरतपुर र बर्दघाटमा सबस्टेशन सञ्चालनमा आए पनि प्रसारण लाइन सम्पन्न नहुँदा समस्या रहँदै आएको थियो। होङ्शी शिव्म सिमेन्ट उद्योगले ६० मेगावाट बिजुली माग गरेको लामो समयपछि वैकल्पिक व्यवस्था गरी उपलब्ध गराइएको थियो। यस्तै, भारतको रामनगर क्षेत्रमा बिजुलीको माग भए पनि आपूर्ति गर्न सकिएको थिएन।रासस

लमजुङमा मापदण्ड नपुगेका ३७ उद्योग खारेज

टुडे एक्सप्रेस/लमजुङ



जिल्लामा मापदण्ड नपुगेका ३७ घरेलु उद्योगलाई घरेलु तथा साना उद्योग कार्यालय लमजुङले खारेज गरेको छ। दर्ता गरेर उद्योग सञ्चालन नगर्ने, लामो समयसम्म नवीकरण नगर्ने एवं उद्योग सञ्चालनका लागि विभिन्न मापदण्ड नपुगेको उद्योगहरू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असार २१ गतेसम्म सो सङ्ख्यामा घरेलु उद्योग खारेज गरेको कार्यालय प्रमुख मीता थापाले बताउनुभयो। उहाँका अनुसार यस अवधिमा ६७९नयाँ उद्योग दर्ता भएको छ।

त्यस्तै, उक्त अवधिमा २८२ घरेलु उद्योगको नवीकरण भएको छ। आर्थिक वर्ष २०७७/७८ मा ९७० नयाँ उद्योग दर्ता भएको छ। ३६९ उद्योग नवीकरण भएको थियो। त्यस्तै यस कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा ११ उद्योग खारेज गरेको थियो। सो अवधिमा ६६९ नयाँ उद्योग दर्ता र २३७ वटा उद्योग नवीकरण भएको घरेलु कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०७५/७६ मा छ उद्योग खारेज भएको उक्त कार्यालयले जनाएको छ। उक्त आर्थिक वर्षमा ४६८ नयाँ उद्योग दर्ता भएका र २७० उद्योगको नवीकरण भएको थियो। सो कार्यालयका अनुसार आर्थिक वर्ष २०७४/७५ मा १० उद्योग खारेज गरिएको थियो। सो अवधिमा २७६ नयाँ उद्योग दर्ता र १६४ उद्योग नवीकरण भएको घरेलु कार्यालयको तथ्याङ्कमा छ। त्यस्तै, आर्थिक वर्ष २०७३/७४ मा आठ उद्योग खारेज भएका थिए। उक्त आर्थिक वर्षमा २०९ नयाँ उद्योग दर्ता भएका र १७३ उद्योगको नवीकरण भएको थियो। त्यस्तै वाणिज्यतर्फ आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असार २१ सम्म ७२ वटा वाणिज्य दर्ता खारेज भएको कार्यालय प्रमुख थापाले बताउनुभयो। उहाँले भन्नुभयो, यस अवधिमा ४०८ नयाँ वाणिज्य दर्ता भएका छन् भने २८८ वटा वाणिज्यको नवीकरण भएका छन्। त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा ६१ वाणिज्य दर्ता घरेलु कार्यालयले खारेज गरेको छ। त्यस्तै, ६४० नयाँ वाणिज्य दर्ता भएको र ५५८ वाणिज्यको नवीकरण भएको छ। आर्थिक वर्ष २०७६/७७ मा २५ खारेज भएको थियो। सो अवधिमा ७६२ वाणिज्य दर्ता तथा ३२० को नवीकरण भएको थियो। कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा २५ वटा वाणिज्य दर्ता खारेज भएको थियो। त्यस्तै, ७६२ वटा नयाँ दर्ता र ३२० नवीकरण भएको थियो। आर्थिक वर्ष २०७५/७६ मा २३ वाणिज्य दर्ता खारेज भएको थियो। त्यस्तै, ४१४ दर्ता एवं ४५८ को नवीकरण भएको थियो भने २१० नयाँ दर्ता तथा २६४ नवीकरण भएको कार्यालयले जनाएको छ।रासस

छोरा हराएको परिवारमा ४१ वर्ष हराएको व्यक्ति बनेर बसे एक छद्मभेषधारी व्यक्ति

विविसी

एक जमिनदारको छोरा बनेर ४१ वर्षसम्म बसेका एक व्यक्तिलाई भारतको एउटा अदालतले दोषी ठहर गर्दै जेल सजाय सुनाएको छ। जालझेल र न्यायमा विलम्ब दर्शाउने उक्त अस्वाभाविक घटनाबारे बीबीसीका सौतिक बिस्वासले लेखेका छन्।सन् १९७७ को फेब्रुअरीमा भारतको पूर्वी राज्य बिहारमा विद्यालयबाट घर फर्किरहेको बेला एक किशोर बेपत्ता भए।नालन्दा जिल्लाका एक प्रभावशाली जमिनदारका छोरा कन्हैया सिंह दोस्रो दिनको परीक्षा सकेर घर फर्किरहेका थिए। परिवारले उनी हराएको उजुरी प्रहरीमा दियो। ती किशोरको खोजी भयो तर उनी फेला परेनन्।बूढा भइसकेका पिता निकै चिन्तित भए र बिरामी परे। उनी धामीकहाँ धाउन थाले। गाउँका एक धामीले ती जमिनदारलाई उनका छोरा जीवितै रहेको र उनी 'चाँडै' फर्किने बताए।सन् १९८१ को सेप्टेम्बरमा २०-२२ वर्षको उमेरका एक युवक कन्हैया बस्ने गरेको गाउँभन्दा करिब १५ किलोमिटर पर आइपुगे।गेरुवस्त्र लगाएका उनी गीत गाउँदै मागेर जीविका चलाउँथे।स्थानीय बासिन्दाहरूलाई उनी "आफू बेपत्ता किशोरको गाउँ मुर्गावानको महत्त्वपूर्ण व्यक्तिको छोरा भएको" उनी बताउने गर्थे। त्यसपछि के भयो पूर्ण रूपमा स्पष्ट छैन। हराइरहेको छोरा फेरि देखा परेको खबर सुनेर कामेश्वर सिंह स्वयम् उनलाई हेर्न उक्त गाउँ पुगे।सिंहले केही छिमेकीहरूलाई पनि साथै लिएर गएका थिए। उनीहरूले उनलाई ती पुरुष उनका छोरा भएको बताए र उनले ती व्यक्तिलाई घर लिएर आए।सिंहले ती व्यक्तिहरूलाई भनेको उद्धृत गर्दै प्रहरी अभिलेखमा लेखिएको छ, मेरो आँखा कमजोर भइसकेको छ र म उसलाई राम्रोसँग देख्न सक्दिनँ। यदि तिमीहरू ऊ मेरो छोरा हो भन्छौं भने म उसलाई राख्छु। चार दिनपछि छोरी विद्यासँगै पटनाको भ्रमण गरिरहेकी सिंहकी श्रीमती रामसखी देवीको कानमा आफ्ना छोरा फर्किएको खबर पुग्यो। उनी तुरुन्तै गाउँ फर्किन्। तर ती युवक आफ्नो छोरा नभएको अनुभूति भयो।उनी भन्छिन्, "कन्हैयाको टाउकोको देब्रे भागमा काटेको दाग थियो जुन ती युवककोमा थिएन। विद्यालयका शिक्षकलाई पनि उनले चिन्न सकेनन्।तर कामेश्वर सिंह ती पुरुष आफ्नो छोरा भएकोमा ढुक्क थिए।उक्त घटनाको केही दिनपछि रामसखी देवीले छोराको रूपमा आएर झुक्याउन खोजेको आरोप लगाउँदै ती युवकविरुद्ध मुद्दा दायर गरिन्।ती युवकलाई गिरफ्तार गरियो र एक महिना जेलमा बिताएपछि उनी धरौटीमा रिहा भए।तर त्यसपछिका चार दशकमा जे भयो त्यो छलकपटको उत्कर्ष थियो।उनले आफू जमिनदारको हराएको छोरा भएको जस्तो देखाउँदै उनकै घरमा बसे।धरौटीमा छुटेको भए पनि उनले नयाँ परिचय बनाए। कलेज गए, विवाह गरे, सन्तान हुर्काए र कैयौं नक्कली परिचयपत्र बनाए।ती परिचयपत्र प्रयोग गर्दै उनले मतदान गरे, कर तिरे, राष्ट्रिय परिचयपत्रका लागि बायोमेट्रिक दिए, बन्दुक राख्ने अनुमतिपत्र लिए र सिंहको सम्पत्तिमध्ये ३७ एकड जमिन बेचिदिए।आफू र जमिनदारकी छोरी दाजुबहिनी भएको स्थापित गर्न डीएनए नमुना दिन ती व्यक्तिले निरन्तर अस्वीकार गरिरहे। अदालतलाई पनि छक्क पार्नेगरी उनले मिथ्या मृत्युदर्ता प्रमाणपत्रसहित आफ्नो वास्तविक परिचयलाई समेत 'समाप्त' पार्ने प्रयास गरे।ती छद्मभेषधारीको कथा भारतको सरकारी निकायको असक्षमता र त्यहाँको न्यायप्रणालीको ढिलासुस्तीको उदाहरण हो।भारतका विभिन्न अदालतमा पाँच करोडवटा मुद्दा विचाराधीन छन्। तीमध्ये एक लाख ८० हजार वटाभन्दा बढी ३० वर्षभन्दा बढी समयदेखि विचाराधीन छन्।आधिकारिक दस्तावेजहरूमा ती पुरुषलाई आदरपूर्वक 'कन्हैयाजी' भनेर सम्बोधन गरेको पाइन्छ। संसारभरि नै कुनै पनि व्यक्तिको नाम र थरलाई परिचय जनाउन प्रयोग गरिन्छ।छद्मभेष धारणा गरेको, ठगी गरेको र षड्यन्त्र गरेकोमा ती व्यक्तिलाई दोषी ठहर गरेका न्यायाधीशहरूले मात्रै उनको वास्तविक नाम दयानन्द गोसाईं रहेको उल्लेख गरेका थिए।सात वर्षका लागि जेल सजाय सुनाइएका उनी आफूले 'आश्रय लिएको' घरभन्दा करिब ६२ माइल पर जामुई गाउँबाट आएका थिए।सन् १९८२ मा विवाहका बेला खिचिएको श्यामश्वेत तस्विरमा दयानन्द गोसाईं पातलो जुँगासहित गहुँगोरो वर्णका देखिन्छन्। उनले चलचित्रमा प्रयोग गर्ने गरिएको जस्तै अनुहार ढाक्ने कलात्मक कपडा शिरमा लगाएका छन् र पर हेरिरहेको देखिन्छन्।सिंहको परिवारमा प्रवेश गर्नुअघिको उनको वास्तविकता अस्पष्ट छ।उनको आधिकारिक कागजपत्रमा फरकफरक जन्म मिति उल्लेख छ। उच्च माध्यमिक विद्यालयको अभिलेखमा ज्यानुअरी १९६६ भनिएको छ। राष्ट्रिय परिचयपत्रमा फेब्रुअरी १९६० र मतदाता प्रमाणपत्रमा १९६५ उल्लेख छ।सन् २००९ मा स्थानीय सरकारले दिएको राशनकार्डमा उनको उमेर ४५ वर्ष भनिएको छ जसले उनी सन् १९६४ मा जन्मिएको अर्थ लाग्छ।गोसाईंको परिवारले उनी करिब ६२ वर्षको भएको उल्लेख गरेको छ, जुन उसले राष्ट्रिय परिचयपत्रमा उल्लेख भएको जन्म मितिसँग मिल्छ। अनुसन्धानकर्ताहरूले गोसाईं जमुईका एक किसानका चार छोरामध्ये कान्छा भएको प्रमाणित गर्न सकेउनी गुजारा गर्नका लागि गीत गाउँथे र माग्ने गर्थे र उनले सन् १९८१ मा घर छाडेका थिए।जमुईका एक वरिष्ठ प्रहरी अधिकारी चित्तरञ्जन कुमारका अनुसार गोसाईंको कम उमेरमै विवाह भएको थियो तर उनकी श्रीमतीले उनलाई चाँडै छाडिदिइन्।कुमार भन्छन्, उक्त जोडीका सन्तान थिएनन् र उनकी पहिलो श्रीमतीले पुनर्विवाह गरिन् र घरबार बसाइन्।उनले उक्त गाउँका एक मान्छेलाई फेला पारे जसले मुद्दा चलिरहेको समयमा आफूले गोसाईंलाई चिनेको बयान अदालतमा दिएका थिए।"उनको पुर्ख्यौली गाउँमा लगभग सबै जनालाई गोसाईं नालन्दामा जमिन्दारको परिवारमा बसिरहेको थाहा थियो," न्यायाधीश मानवेन्द्र मिश्रले आफ्नो आदेशमा लेखेका छन्।सिंहले घर लगेको एक वर्षपछि उनले छोरा ठानेर गोसाईंको जमिन्दार वर्गकी एक महिलासँग विवाह गरिदिए।परिवारसँग उपलब्ध कागजपत्रका अनुसार गोसाईंले स्नातक तहसम्म अङ्गेजी, राजनीतिशास्त्र र दर्शनशास्त्र अध्ययन गरेका थिए।कलेजमा उनको व्यवहार 'सन्तोषजनक' रहेको पाइएको थियो।त्यसको केही वर्षमा गोसाईंका दुई छोरा र तीन छोरी भए।सिंहको मृत्युपछाडि मुर्गावानमा रहेको दुईतले घर उनको नाममा आयो।सानो पर्खालले छुट्याइएको घरको बाँकी क्षेत्र सिंह परिवारको अर्को समूहले प्राप्त गऱ्यो।एउटा ठूलो पानी ट्याङ्की देखिनेगरी आँप र अम्बाका रूख रहेको अनि रङ्ग नलगाइएको फलामे ढोका र इँट्टाको पर्खालले छेकिएको उक्त घर शान्त देखिन्छ।सोह्रवटा कोठा रहेको उक्त घरमा तीन पुस्ताले जीवन व्यतीत गरेका छन्। त्यहाँ कुनै बेला निकै चहलपहल हुन्थ्यो।तर अहिले उक्त स्थानमा असहज किसिमिको चकमन्नता छ। आँगन अस्तव्यस्त छ र एउटा कुनामा गहुँ पिस्ने उपकरण राखिएको छ।गोसाईंका जेठा छोरा गौतम कुमार आफ्ना बुवा साधारणतया घरमै बस्ने गरेको र करिब ३० एकड कृषियोग्य जमिन व्यवस्थापन गर्ने गरेको बताउँछन्। उक्त जमिनमा धान, गहुँ र दालको उब्जनी हुन्थ्यो। खेतमा काम गर्न ज्यालामा खेताला आउँथे।कुमारले 'छद्मभेषसँग सम्बन्धित घटना' को विषयमा परिवारका सदस्यले कहिल्यै पनि बुवासँग कुरा नगरेको बताए। उहाँ हाम्रा बुवा हो। यदि मेरो हजुरबुवाले उहाँलाई छोराका रूपमा स्वीकार गर्नुभयो भने त्यसमाथि प्रश्न उठाउने हामी को हौं? तपाईं कसरी आफ्ना बुवालाई नपत्याउन सक्नुहुन्छ?अहिले यतिका वर्षपछि हाम्रो जीवन र परिचय अन्योलमा छ किनभने मेरो बुवाको परिचय खोसिएको छ। हामी एकदमै चिन्तामा छौं।अदालतमा गोसाईंलाई न्यायाधीश मिश्रले हराएको चार वर्षमा उनी कहाँ र कोसँग बसे भनेर प्रश्न गरेका थिए।उनले उक्त प्रश्नको उत्तर छल्न खोजेको देखिन्थ्यो।न्यायाधीशहरूलाई उनले नजिकैको उत्तर प्रदेश राज्यमा अवस्थित गोरखपुरको एउटा आश्रममा एक साधुसँग आफू बसेको बताए। तर उनले आफ्नो दावी प्रमाणित गर्ने कुनै साक्षी भने जुटाउन सकेनन्।गोसाईंले न्यायाधीशहरूलाई आफूले जमिनदारको हराएको छोरा भएको आफूले कहिल्यै दावी नगरेको बताए।उनले सिंहले "मलाई आफ्ना छोराको रूपमा स्वीकार गरेको र घरमा लगेको" बताए।"मैले कसैलाई पनि छद्मभेष धारण गरेर धोका दिएको छैन। म कन्हैया हुँ," उनले भने।उनको स्टुडियोमा लिइएको श्यामश्वेत तस्विरमा अनुहारको आकृति देखिने एउटा मात्रै तस्विर अदालतको कागजपत्रमा पेस गरिएको थियो। उनको मिलेको कपाल, उज्यालो रङ्गको कमिज फोटोमा देखिन्छ।कन्हैया हराउँदा उनी १६ वर्षका थिए। तर दुर्भाग्यवश उनले पटनाबाट करिब १०० किलोमिटर टाढा १,५०० जनाको बसोबास रहेको आफ्नो गाउँ मुर्गावानलाई बिर्सिएका थिए।सर्वोच्च अदालतका एक वकिल र सिंह परिवारका आफन्त कन्हैयालाई "धक मान्ने, लजालु र मिलनसार" बालकका रूपमा सम्झिन्छन्। "हामीसँगै हुर्कियौं र संगै खेल्यौं। उनी बेपत्ता भएपछि ठूलो कोलाहल मच्चियो," उनले भने।"चार वर्षपछि आएका व्यक्ति कन्हैयाजस्तो देखिएनन्। तर उनका पिताले उनी आफ्ना छोरा भएको अड्डी लिइरहे। त्यसमा हामी के गर्न सक्थ्यौं र?कामेश्वर सिंहको निधन सन् १९९१ मा भएको थियो। उनी प्रभावशाली जमिनदार थिए। एउटा अनुमानअनुसार उनीसँग ६० एकडभन्दा बढी जमिन थियो।उनी चार दशक भन्दा बढी समयसम्म गाउँ परिषद्को नेता थिए र उनको परिवारको नजिकका नातेदारमा सर्वोच्च अदालतका वकिल र संसद् का सदस्यहरू थिए।दुईवटा विवाह गरेका उनका सात छोरी र एक छोरा थिए।सबैभन्दा कान्छा सन्तान कन्हैया उनका उत्तराधिकारी भएकाले निकै प्रिय थिए। रोचक कुरा के छ भने बिरामी जमिनदारले कहिल्यै पनि अदालतमा उपस्थित भएर गोसाईंको पक्षमा बोलेनन्।मैले गाउँलेहरूलाई भनेको थिएँ कि यदि यो व्यक्ति मेरो छोरो होइन भन्ने हामीले पत्ता लगायौं भने हामी उनलाई फिर्ता गरिदिनेछौं," सिंहले प्रहरीलाई भनेका थिए।उक्त मुद्दालाई कम्तीमा एक दर्जन न्यायाधीशहरूले चार दशकसम्म हेरेका थिए।अन्तिममा यसै वर्षको फेब्रुअरीमा निरन्तर ४४ दिन सुनुवाइ गरियो र अदालतले एप्रिल महिनाको सुरुमा आफ्नो फैसला सुनायो।न्यायाधीश मिश्रले गोसाईंलाई दोषी ठहर गरे। जुन महिनामा उच्च अदालतले उनको फैसलालाई सदर गऱ्यो र गोसाईंलाई सात वर्षको कारावासको सजाय सुनायो। अदालतले गोसाईंको पक्षका सबै सात प्रत्यक्षदर्शीहरू विश्वसनीय नरहेको निष्कर्ष सुनायो ।?

छोरीले तीन स्वर्ण जितेपछि खुसी आमा

टुडे एक्सप्रेस/गलेश्वर

मनकुमारी परियार-नाम जस्तै मनकारी। राखुमा जन्मिनुभएकी मनकुमारीले मन र जीवन भकिम्लीका टीका उर्फ पूर्णलाई दिनुभयो। उहाँले सोच्नुभयो अब मेरो जीवन पनि पूर्ण हुने भयो। तर जीवनमा सबै भने जस्तो कहाँ हुन्छ र ?

जब पूर्णसँग मनकुमारी रङ्गीन सपना पूरा गर्न घर पुग्नुभयो त्यसपछि छाँगाबाट खसे झैं हुनुभयो उहाँ। कारण, पूर्णको घरमा त पहिल्यै पत्नी र छोराछोरी थिए। दोधारमा पर्नुभयो मनकुमारी। जाउ कहाँ जाउ ? गुहार मागू कसलाई ? भएन भनेर कोखका सन्तान जन्मने प्रक्रियामा थियो। मनकुमारीले अठोट गर्नुभयो जस्तै दुःख सहेर भए पनि अब म यसैका निम्ति बाँच्नुपर्छ।त्यसपछि सुरु भयो उहाँको सङ्घर्षको कथा। के गुर्नभएन उहाँले ? संजोगले बेनी नगरपालिकामा बजारमा ट्र्याक्टर चढेर फोहर सङ्कलन गर्ने काम पाउनुभयो मनकुमारीले। घिन मान्नुभएन, अल्छी गर्नुभएन काममा। सबैलाई मीठो बोली र कामले लोभ्याउनुभयो। एकातिर काखमा बच्चा अर्कोतिर कामको चटारो हरेस नखाइकन निरन्तर काममा लाग्नुभयो छोरीको जन्म भयो। नाम राख्नुभयो सुष्मा परियार।हो, यिनै सुष्मा परियारले २०७९ असार २० र २१ गते सम्पन्न राष्ट्रपति कपमा तीन स्वर्ण र एक काश्यपदक जितेर सबैलाई चकित तुल्याउनुभएको छ। उमेरले १३ वर्ष लागेकी बेनीको प्रकाश माध्यमिक विद्यालयमा कक्षा ८ मा पढ्ने सुष्माले दौडतर्फ १०० मिटर, २०० मिटर र चारसय मिटर रिलेमा तीन स्वर्ण र एक हजार ६०० मिटर रिलेमा काश्यपदक जित्न सफल हुनुभएको हो। अब सुष्माले पोखरामा हुने प्रदेशस्तरीय राष्ट्रपति कपमा म्यार्दीको प्रतिनिधित्व गर्दै हुनुहुन्छ।सुष्मा त्यसै सफल हुनुभएको होइन।

उहाँको सफलतामा आमा मन कुमारीको ठूलो हात छ। एकातिर बुबाको साथको अभाव अर्कोतिर आफ्नो आर्थिक अवस्था। दशौं वर्ष गरेको नगर पालिकाको जागिर पनि गयो। अहिले पाण्डे मेडिकल र सञ्जिवनी हस्पिटल साथमा केही घरमा काम गरर दैनिक गुजारा चलाइरहेकी छु। महिनाभरिको कमाइले के घर भाडा तिर्ने ? के हातमुख जोर्ने ?

गहभरि आँसु झार्दै मनकुमारीले भन्नुभयो, कति दिन त पैसा नभएर रित्तै हात स्कुल पठाएँ। कैयौंपटक कापी, कलम किन्ने पैसा भएन। यसले कहिल्यै गुनासो गरिन्। अचानक अमिसाले फोन गरेर सुष्माले जितिन्भन्दा भुइँमा खुट्टा रहेन। दौडेर मञ्चमा पुगे। छोरी र साथीहरूलाई बधाई दिएँ आज यसको सफलताले सबै दुःख बिर्सिएको छु। सर मिसलाई नै अभिभावक सम्झेर प्रकाश मावि पढाएको छु आशा छ स्कुलले यसलाई पक्कै मान्छे बनाउने छ, मनकुमारीले भन्नुभयो ।गत वर्ष शारीरिक शिक्षाको अभ्यास गराउँदा आँखामा परेका थिइन् सुष्मा। राष्ट्रपति कप हुने भन्दाबित्तिकै उनको तस्विर झलझली आँखा अगाडि नाँच्यो। नभन्दै साथी माझ अब्बल सावित भएर छनोट भइहालिन्, प्रकाश माध्यमिक विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख विनय श्रेष्ठले भन्नुभयो।

सुष्माको प्रदर्शनले हामी खुसी छौं, उनले विद्यालयको नाम राखेकी छन्। विद्यालयले गर्नुपर्ने सहयोगमा हामी कमी हुन दिने छैनौं, विद्यालयका निमित्त प्रधानाध्यापक लेखबहादुर हमालले बताउनुभयो। सुषमाले अहिलेको प्रदर्शनले खुसी भएको बताउनुभयो। सरमिस, विद्यालय र साथीले साथ दिनुभयो, धन्यवाद छ। विद्यालयको नाम राखेँ अब जिल्लाको नाम राख्न सकूँ। यही सपना बोकेर पोखरा जानेछु। आमाको सपना पूरा गर्नेछु। मेरा पदक आमाबुबालाई समर्पण छ। खुसी व्यक्त गर्दै सुष्माले भन्नुभयो ।अहिले सिङ्गो समाज सुष्माको अभिभावक बनेको छ। सुष्मालाई मान्छे बनाउन र बुबाको कमी महसुस हुन नदिन वास्तवमै सहयोगी हातको खाँचो भएको विद्यालयका शिक्षक विनय श्रेष्ठले बताउनुभयो।

प्रदेशस्तरीय खेलमा म्यार्दीबाट ९३ खेलाडी छनोट

म्यार्दीको सदरमुकाम बेनीमा सम्पन्न सातौं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड विद्यालयस्तरीय खेलकुद प्रतियोगिताबाट गण्डकी प्रदेशस्तरीय राष्ट्रपति कपका लागि म्यार्दीबाट विभिन्न विधामा गरी ९३ खेलाडी छनोट भएका छन्।

मङ्गलबार सम्पन्न भएको प्रतियोगितामा पुरुष तथा महिला भलिबल, कबड्डी मार्सलआर्ट विधाका खेलाडी छनोट गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीले बताउनुभयो। जिल्लाबाट विभिन्न विधामा गरी ९३ जना खेलाडी छनोट भएका छन्, प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउने प्रयास गर्छौं, अध्यक्ष केसीले भन्नुभयो ।अध्यक्ष केसीका अनुसार जिल्लाभर समग्रमा बेनी नगरपालिका प्रथम भएको छ। स्थानीय तहबाट सहभागी विद्यालयस्तरको स्वर्णसहितको पदक आज वितरण गरिएको छ। असार २३ र २४ गते प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने खेलाडी छनोट गर्न जिल्लास्तरीय प्रतियोगिताको आयोजना गरिएको थियो। छनोट भएका खेलाडीहरू प्रदेशस्तरीय प्रतियोगिताका लागि आजै पोखरा जाँदैछन् ।रासस

सागमा पदक जित्ने खेलाडी पुरस्कृत

टुडे एक्सप्रेस/खोटाङ

तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग)का पदक विजेता खेलाडीलाई खोटाङमा पुरस्कृत गरिएको छ। दिक्तेलमा मङ्गलबारदेखि सुरु भएको किराँत राई खेलकुद सङ्घको तेस्रो राष्ट्रिय महाधिवेशन उद्घाटनका क्रममा सागमा पदक जित्ने सात खेलाडीलाई नगदसहित सम्मान गरिएको हो।

दिक्तेलस्थित बहुउद्देश्यीय कभर्डहलमा भएको कार्यक्रममा साग प्रतियोगिताका स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई जनही रु १० हजारसहित सम्मान गरिएको आयोजक किराँत राई खेलकुद सङ्घका अध्यक्ष महेन्द्रकुमार राईले जानकारी दिनुभयो।

सङ्घले १३औं सागमा तेक्वान्दोमा स्वर्ण जित्ने सुशीला राई (सुनसरी) तथा उसुमा कास्य प्राप्त गर्ने अशोक खालिङ राई (इलाम), स्क्वासमा कास्य पाउने भावना सुनुवार (रामेछाप), आर्चरीका टोली व्यवस्थापक मीनाकुमारी राई (उदयपुर), बक्सिङका टोली व्यवस्थापक प्रमिला राई (झापा) र १२औं सागमा कबड्डीमा कास्य पाउने सम्झना राई (बारा)लाई सम्मान गरेको हो ।कबड्डीकी राईलाई सगरमाथा तेक्वान्दो डोजाङ बेलायतका संस्थापक प्रमुख राष्ट्र राई र किराँत राई यायोक्खा बेलायतका अध्यक्ष योगेश कोयुको तर्फबाट समेत रु १० हजारले सम्मान गरिएको छ। यस्तै मुआइथाई वर्ल्ड च्याम्पियन सञ्जयलाई पनि रु १० हजार नगद र सम्मानपत्र प्रदान गरिएको छ। विजेता खेलाडीलाई प्रदेश नं १ का सामाजिक विकासमन्त्री राजन राईले नगद र सम्मानपत्र प्रदान गर्नुभएको थियो ।रासस

मन्त्रीहरूले राजीनामा दिएपछि राजनीतिक सङ्कटमा ब्रिटिश प्रधानमन्त्री

विविसी

दुई वरिष्ठ मन्त्रीले उनको नेतृत्वप्रति असन्तुष्टि व्यक्त गर्दै राजीनामा दिएपछि ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसन अप्ठ्यारोमा परेका छन्।उनले आफ्नो राजनीतिक अस्तित्व जोगाउन सङ्घर्ष गर्नुपरेको छ।अर्थमन्त्री ऋषि सुनक र स्वास्थ्यमन्त्री साजिद जाविदले मङ्लवार पदत्याग गरेका थिए। दश मिनेटभित्र दुई जनाले नै जोनसनलाई राजीनामा बुझाएका थिए।सुनक र जाविदले राजीनामा दिएपछि अरू कनिष्ठ मन्त्री र सहयोगीहरूले पनि राजीनामा दिएका थिए।

राजीनामा दिएपछि जाविद र सुनक दुवै जनाले सार्वजनिक टिप्पणी गरेका छैनन्। तर सामाजिक सञ्जालका वेबसाइटमा राखिएका राजीनामा पत्रको विवरणमा उनीहरूले प्रधानमन्त्रीको चर्को आलोचना गरेका छन्।"राष्ट्रिय हितमा काम नगरेको" भन्दै जाविदले नेतृत्वको आलोचना गरेका छन्।सरकारले "उचित, सुयोग्य र गम्भीर रूपमा" काम गरोस् भन्ने सर्वसाधारणको अपेक्षा भएको सुनकले लेखेका छन्।विपक्षी नेताहरूले अरू मन्त्रीलाई सुनक र जाविदको अनुसरण गर्दै राजीनामा दिन आह्वान गरेका छन्।

आलोचकहरूले जोनसनका लागि अब सबै कुरा "सकिएको" बताएका छन् भने विपक्षी लेबर पार्टीले जोनसनको नेतृत्वमा रहेको दल "भ्रष्ट" भएको टिप्पणी गरेको छ।यद्यपि जोनसनले मन्त्रिपरिषद् पुनर्गठन गर्दै आफू पदमा बहाल रहने योजना स्पष्ट पारेका छन्।

उनले नदिम जहावीलाई नयाँ अर्थमन्त्री नियुक्त गरेका छन् भने प्रधानमन्त्रीको "चीफ अफ स्टाफ" रहेका स्टीभ बार्क्ले नयाँ स्वास्थ्यमन्त्री बनेका छन्।बुधवार संसद्मा हुने नियमित प्रश्नोत्तर सत्रमा सांसदहरूले प्रश्न सोध्दा जोनसन थप दबावमा पर्नेछन्।

सरकारका नीति र निर्णय परीक्षण गर्ने एउटा संसदीय समितिसमक्ष पनि उनी प्रस्तुत हुनुपर्नेछ।लेबर नेता कीअर स्टार्मरले आफू मध्यावधि निर्वाचनका लागि तयार रहेको बताएका छन्।कन्जर्भेटिभ दलका सांसद तथा भूतपूर्व प्रमुख सचेतक एन्ड्रू मिचलले बीबीसी न्यूजनाइटसँग कुरा गर्दै जोनसनका लागि "सबै सकिएको" बताएका छन्। "उनीसँग हाम्रो प्रधानमन्त्री बन्ने न त चरित्र न त स्वभाव नै," उनले भने।तर कन्जर्भेटिभ सांसदहरूले जोनसनको नेतृत्वलाई चुनौती दिने घोषणा गरेका छैनन्।बरु विदेशमन्त्री लिज ट्रस समेत केही मन्त्रीहरूले जोनसनप्रति समर्थन व्यक्त गरेका छन्। दलको नेताका रूपमा जोनसनको स्थानमा आउन सक्ने सम्भावित नेतामध्ये ट्रस पनि पर्छिन्।आफू प्रधानमन्त्रीको समर्थनमा शत प्रतिशत भएको उनले बताएकी छन्।डोमिनिक राब, माइकल गोभ, टरेज कोफी र बेन वालेसले पनि सरकार नछोड्ने सङ्केत गरेका छन्।कुनै सरकारी पदमा नभएका एक टोरी सांसद ड्यान्ल काभ्चिन्स्कीले मन्त्रीहरूले राजीनामा दिँदा अन्ततः जोनसनको स्थान अझ बलियो हुने तर्क गरेका छन्।"तिनले प्रधानमन्त्रीविरुद्ध पहिरो ल्याउन सक्थे तर ल्याएनन्," उनले भने।जोनसनले बीबीसीलाई एउटा अन्तर्वार्ता दिएपछि मङ्गलवार साँझ राजनीतिमा नाटकीय मोड आयो।अन्तर्वार्तामा जोनसनले क्रिस पिन्चरविरुद्ध लागेका दुर्व्यवहारसम्बन्धी आरोपबारे थाहा हुँदाहुँदै आफूले उनलाई सहायक प्रमुख सचेतक नियुक्त गर्नु "नराम्रो गल्ती" भएको स्वीकार गरेका थिए।

सन्दीप लामिछानेले लंका प्रिमियर लिग खेल्ने

टुडे एक्सप्रेस/काठमाण्डौ

नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान सन्दीप लामिछानेले श्रीलंकामा हुने लंका प्रिमियर लिग क्रिकेट खेल्ने भएका छन्।

उनलाई दाम्बुला जायन्ट्सले इन्टरनेशनल डायमण्ड ए क्याटगोरीबाट टिममा समावेश गरेका छन्।

दाम्बुलाले श्रीलंकन कप्तान दसुन सनाका, भानुका राजापाक्षदेखि अष्ट्रेलियाका डी आर्च सर्ट र बेन कटपडलाई पनि अनुबन्ध गरेको छ।लामिछानेले दिल्ली डेयर डेभिल्सबाट इण्डियन प्रिमियर लिग आइपीएल क्रिकेटसहित, अष्ट्रेलिया, बंगलादेश, पाकिस्तान, वेष्टइन्डिज, क्यानडालगायतका देशमा लिग क्रिकेट खेलिसकेका छन्।

बर्सेनि घट्दै सुनौलो तोप चरा

टुडे एक्सप्रेस / कञ्चनपुर

विश्वमै दुलर्भ मानिएको सुनौलो तोप चराको सङ्ख्या बर्सेनि घट्दै जान थालेको छ। कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा संरक्षित गरिएको दक्षिण एशियाको नेपाल र भारतमा मात्रै पाइने सङ्कटापन्न अवस्थामा रहेको सुनौलो तोप चरा बास स्थान नासिँदै जान थालेपछि यसको सङ्ख्या घट्दै जान थालेको हो।नेपाल पक्षी संरक्षण सङ्घ(बिसिएन)ले हालै गरेको सर्भेक्षणमा सुनौलो तोप चराको सङ्ख्या घटेको पाएको छ। सङ्घको अगुवाइमा बर्सेनि चरा सर्भेक्षणको कार्य हुँदै आएको छ। सङ्घका चरा विज्ञ हिरूलाल डङ्गौराका अनुसार सर्भेक्षणका क्रममा यस वर्ष निकुञ्जमा २४४ तोप चरा फेला परेका छन्।सबैभन्दा बढी लालपानी क्षेत्रमा तोप चराले गुँड लगाएका छन्।

बन्दाताल, मोहनपुर फाँटामा समेत यी चरा देखा परेका छन्। सन् २०२१ मा २४८, सन् २०२० मा २५३, सन् २०१९ मा १७६ र सन् २०१८ मा २५४ वटा तोप चरा फेला परेका थिए। सन् २०१४ देखि निरन्तररुपमा सुनौलो तोप चराको सर्भेक्षणको कार्य हुँदै आएको छ। यसैगरी निकुञ्जमा सन् २०१४ मा ६०, सन् २०१५ मा २०० र सन् २०१६ मा २५० सुनौलो तोप चरा देखा परेका थिए। पहिला निकुञ्जको बाह्य क्षेत्रमा धेरै घाँसे मैदान रहेकामा हाल मानव अतिक्रमणका कारण घाँसे मैदान अतिक्रमणमा परेका छन्, उहाँले भन्नुभयो, घाँसे मैदानमा रहेका रुख र घाँसमा तोप चराले गुँड लगाउथे। ती सबै नासिए। हाल निकुञ्जको संरक्षित क्षेत्रभित्रको घाँसे मैदान मात्रै बाँकी रहेको छ।सुनौलो तोप चराले आहाराका लागि निकुञ्ज नजिकका किसानका खेतसम्म पुग्ने गर्दछन्। कृषिमा अन्धाधुन्धरुपमा विषादीको प्रयोग हुन थालेपछि चराले खेतमा विषादी प्रयोग गरिएको अन्नलगायत खाँदा मर्ने गरेका छन्। उहाँले भन्नुभयो।

अर्को सुनौलो तोप चरा विनाशका कारणमा अन्य सिकारी चराले प्रजननका बेला गुँडमा रहेका बच्चा र अण्डा खाइदिने गरेको उहाँको भनाइ छ। सुनौलो तोप चरा झट्ट हेर्दा भगेरा जस्तै तर पहेलो रङको हुने भएकाले यसलाई सुनौलो तोप चरा भनिएको हो। रुखका हाँगामा पात सिएर यस चराले गुँड बनाउने गर्दछ। तोप चराका सुनौलो, बाया, छातिकाले र धर्केगरी चार वटा प्रजाति पाइने गरेका छन्। जसमध्ये सुनौलो तोप चरा दुलर्भ प्रजातिका रुपमा छ।सुनौलो तोप चरा अन्यभन्दा पृथक किसिमको रहेको छ। सन् १९९६ मा चरा विद् हेमराज बरालले शुक्लाफाँटामा सुनौलो तोप चरा पत्ता लगाउनुभएको थियो। सुनौलो तोप चरा पत्ता लागेपछि निरन्तररुपमा निकुञ्ज कार्यालयले यसको नियमित रेकर्ड राख्दै आएको छ। सन् २००७ मा कोसी टप्पुमा सुनौलो तोप चरा देखिए पनि त्यसपछि यो चरा देखिएको छैन।सुनौलो तोप चरा शुक्लाफाँटामा मात्रै रहेकाले यसको संरक्षणमा चासो दिइएको छ निकुञ्जका सूचना अधिकारी रोशनसिंह ठगुन्नाले भन्नुभयो, किरालगायत खान मन पराउने भएकाले यो चरा किसानका लागि पनि लाभदायक छ।खेतबारीमा हालिने विषादी र अनावश्यकरुपमा मार्ने कार्यले यसको संरक्षणमा अवरोध भएको छ। निकुञ्जको घाँसे मैदान क्षेत्र नजिकका ताल र सीमसार क्षेत्र नजिकका काँडेदार रुखमा सामूहिकरुपमा सुनौलो तोप चराले गुँड बनाउने गर्दछन्।उहाँका अनुसार सुनौलो तोप चरा सिकारी ताल, सिंहपुरफाँटा, मोहनपुर, अण्डैया, पट्टैयाफाँटा र लालपानी फाँटा, दरख घाँसे मैदानमा पाइने गरेको छ।

तोप चरालाई सामाजिक चराका रुपमा समेत लिइने गरिन्छ। सामूहिकरुपमा गुँड लगाउने र समूहमै रहन मनपराउने हुनाले यसलाई सामाजिक चराका रुपमा समेत लिइने गरिन्छ। आहाराको खोजीका लागि पनि यो चरा समूहमै उड्ने गर्दछ।

अलगअलग प्रजातिका तोप चराले अलग्गै किसिमका आकर्षक गुँड बनाउने गर्दछन्।एउटै रुखमा सुनौलो तोप चराले सामूहिकरुपमा २० देखि १०० बढी गुँड लगाउने गरेको पाइएको छ। मनसुनका समयमा तोप चराले प्रजनन गर्दछन्। प्रजननको समयमै तोप चराको भालेले घाँसलाई बुनेर आकर्षक गुँड बनाउने गर्दछ। मे महिनादेखि सेप्टेम्बर महिनामा सुनौलो तोप चराले गुँड बनाउने, अण्डा पार्ने र बच्चा हुर्काउने गर्दछन्।एक अध्ययनअनुसार तोप चराले २० दिनदेखि २८ दिनमा गुँड तयार गर्दछन्। बाह्य आक्रमणबाट अण्डा र बच्चालाई जोगाउनका लागि गुँड विशेष प्रकारले बनाइएको हुन्छ। ३०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा निकुञ्जमा भने ४२३ प्रजातिका चरा पाइने गरेका छन्।रासस

भाँचिएको कावा खोलाको पुल पुन:निर्माणमा ढिलाइ

टुडे एक्सप्रेस / भोजपुर

निर्माणका क्रममा भाँचिएको भोजपुरको कावा खोलाको पुल पुन:निर्माणमा ढिला हुँदा स्थानीय ज्यानको जोखिम मोलेर यात्रा गर्न बाध्य भएका छन्। दक्षिणी क्षेत्रबाट रामप्रसादराई र हतुवागढी गाउँपालिका जोड्ने सो खोलामा पुल निर्माणका क्रममा भाँचिएको थियो। पुल करिब आठ महिनाअघि भाँचिएको भए पनि यसको हालसम्म पुन:निर्माणको काम अघि बढ्न नसकेको हो।पुल भाँचिएको विषयमा गत मङ्सिरमा भएको सर्वपक्षीय छलफलमा पुन:निर्माणको काम यस वर्षको वर्षात्अघि नै सक्ने बताइएको थियो। खोलाबाट भाँचिएको पुल हटाउनबाहेक निर्माणसक्ने भनिएको समयसम्म अरु कुनै पनि काम अघि बढ्न नसकेपछि स्थानीयले आवाज उठाएका हुन्।निर्माणमा ढिलाइ भएको विषयमा प्रश्न गर्दा प्रादेशिक सडक, पुल आयोजना प्रदेश १ का संयोजक सूर्यनारायण चौधरीले आगामी फागुन चैत महिनासम्ममा पुन:निर्माण गरेर सरकारलाई जिम्मा लगाउने जानकारी दिनुभयो।सकेसम्म चाँडो नै निर्माण गर्ने योजना रहे पनि काम गर्दै जाने क्रममा केही ढिला भएको उहाँको भनाइ छ। यो खालको पुल नेपालमा परीक्षणका रुपमा बनिरहेकोसमेत उहाँले जानकारी दिनुभयो।निर्माणकै क्रममा पुल भाँचिएका विषयमा अहिले पनि अनुसन्धान भइरहेको संयोजक चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, पुल निर्माणका क्रममा भाँचिएको यो दु:खद् हो। भाँचिएपछि हामीले यसको पुन:निर्माणमा लागेका छौं। काम गर्दै जाने क्रममा केही ढिला भयो। वर्षात् सुरु भएकाले तत्काल काम सुरु गर्ने अवस्था छैन। यो पुललाई आगामी फागुन, चैत महिनासम्ममा निर्माण सम्पन्न गरेर सरकारलाई जिम्मा लगाउने हाम्रो लक्ष्य छ।पुल बन्ने आशामा बसेका स्थानीय निर्माणका क्रममा नै भाँचिएपछि दुखित बनेका छन्। भाँचिएपछि पनि तत्काल नै पुन:निर्माण हुने आशामा बसेका उनीहरू पुलको पुन:निर्माणको काम सुरु नहुँदा आक्रोसित बनेका छन्। उनीहरू अहिले खोलाको भेलमा ज्यानको जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।स्थानीय उमेश कुलुङले भन्नुभयो, पुल निर्माण सुरु हुँदा हामी निकै उत्साहित थियौं। बन्दै गर्दा पुल भाँचियो। भाँचिएपछि तत्काल बन्ला बन्ने आशा थियो। तर पुन:निर्माणको काम अहिलेसम्म सुरु भएको छैन। हामी ज्यानको जोखिम मोलेर यात्रा गर्न बाध्य छौं। खोला तर्ने क्रममा कुनै अप्रिय घटना भए त्यसको जिम्मा कसले लिन्छ ?पैदलयात्रुसँगै सवारीसाधनलाई पार गर्न निकै कठिन रहेको कुलुङको भनाइ छ। मोटरसाइकललाई खोला तार्नका लागि तीन/चार जनासम्म युवा चाहिने उहाँको भनाइ छ। वर्षात् सुरु भयो। खोलामा भेल बढेको छ। पैदल यात्रुलाई तर्ने पीर छँदैछ। त्यस्तै सास्ती सवार चालकलाई छ। कतिपय खण्डमा बोकेर बाइक तार्नुपर्ने अवस्था छ। कतिबेला खोलाको भेलले बगाउछ पत्तो नै हुन्न। चडेर खोलाबाट तार्दा पानी पसेर बाइकमा समस्यासमेत हुने गरेको छ, कुलुङले भन्नुभयो।पुल स्वीस सरकारको लगानीमा विसं २०७६ फागुन १२ मा शिलान्यास गरेर निर्माण थालिएको थियो। तर करिब ९० प्रतिशत काम सकिएर ढलान गरेपछि पुल बीचमा भाँचिएको हो। पुल भत्किएका विषयमा तत्कालन छानविन गरेर काम सुरु गर्ने सहमति भए पनि भाँचिएको पुल हटाउनबाहेका अहिले कुनै पनि काम अघि बढेको छैन। पुल गलत प्राविधिक डिजाइनका कारण भाँचिएको स्थानीयको आरोप छ।करिब रु पाँच करोडको लागतमा निर्माण भइरहेको पक्की पुल स्विस सरकारको सहयोगमा बनिरहेको थियो। भोजपुर-मानेभञ्ज्याङ-रानीबास-घोडेटार सडकखण्डमा बनिरहेको यो २०७७ असार मसान्तसम्ममा निर्माण सक्नुपर्ने थियो। तर यो समयमा सम्पन्न नभएपछि पुन:म्याद थपिएको थियो। निर्माणका क्रममा पुल भत्किएपछि जिल्ला प्रशासन कार्यालयमा सोको विषयमा छलफल गरेर पुन:निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने सहमति भए पनि काम भने सुरु भएको छैन। भत्किएको आठ महिना हुँदा पनि निर्माणमा चासो नदिएको स्थानीय भनाइ छ। कामलाई चाँडो सुरु गर्नुपर्ने माग गरेका छन्।स्थानीय नारायणप्रसाद निरौलाले भन्नुभयो, काम गर्दै जाने क्रममा गल्ती हुनसक्छ। त्यसलाई हामी मान्छौं। के कारणले भाँचियो भन्ने विषयमा खोजी त गर्नुपर्ला तर पुल भत्किएको यतिका समयसम्म निर्माणको कुनै काम सुरु नहुँदा हामी दुखित छौं। वर्षौंदेखि हामीलाई यो खोला तर्न समस्या छ। यो पुललाई तत्काल निर्माण गरेर सञ्चालनमा ल्याउनुपर्ने हाम्रो माग छ। यो खोलाका कारण हामीलाई सदरमुकामसम्म जान अति नै समस्या छ। सरोकारवाला पक्ष गम्भीर भएर तत्काल पुन:निर्माणका लागि पहल गर्न आवश्य छ।पुललाई चाँडो निर्माण गराउनका लागि कुरा भइरहेको हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले जानकारी दिनुभयो। अध्यक्ष राईले भन्नुभयो, हामीले पुल पुन:निर्माणलाई चाँडो गर्न भनिरहेका छौं। उनीहरूले पनि चाँडो थालनी गर्ने बचन दिँदै आएका छन्। पुल नहुँदा दक्षिणी भेगका स्थानीयलाई धेरै नै सास्ती छ। यसलाई चाँडो निर्माण सम्पन्न गराउनेमा मेरो पहल रहन्छ।निर्माण सुरु हुनुपूर्व ८० वर्षको आयु हुने र भूकम्प प्रतिरोधी बन्ने गरी डिजाइन भएको इञ्जिनीयरले बताएका थिए। पुल ४५ मिटर लामो, छ मिटर चौडाइको बन्ने बताइएको थियो।पुलमा दुवैतर्फ एक दशमलव २० मिटर पैदल यात्रु हिँड्ने स्पेस पनि बनाइएको छ। केबल ट्रस, खुला फाउन्डेसनको एक मात्रै स्पानमा बनिरहेको पुलको दुवैपट्टि पक्की पिलर बनाएर ट्रस जडान गर्नुपर्ने थियो।दक्षिणबाट कावा खोला पुल हुँदै जोडिने चुहार-घोडेटार-भोजपुर बजार-दिङ्ला सडकखण्डको करिब १२५ किलोमिटरमध्ये पहिलो चरणमा हतुवागढी गाउँपालिकाको हसनपुरको चुहारबाट घोडेटार बजारसम्म २२ किमी सडक कालोपत्र गर्ने लक्ष्यका साथ काम भइरहेको छ। जिल्लालाई उत्तर-दक्षिण जोड्दै सङ्खुवासभाको किमाथाङ्कासम्म कालोपत्र गर्ने लक्ष्यले सडक विस्तारको तयारी थालिएको हो।भोजपुर र उदयपुरलाई जोड्न दूधकोसी नदीमा पुल बनिरहेको छ। चुहारको पुल निर्माण सम्पन्न भएसँगै भोजपुर सदरमुकामबाट ९० किलोमिटरको दूरी पार गरेपछि सुनसरीको चतरा पुगिनेछ। भोजपुर सदरमुकामबाट पूर्व हुँदै जाने हो भने ९२ किमीको दुरी पार गरेपछि धनकुटाको हिले पुगिन्छ। दिङ्लाबाट चतरा पुग्न १२५ किलोमिटरको यात्रा तय गर्नुपर्नेछ।रासस

निजी जग्गामा वृक्षरोपणले वन माथिको निर्भरता घट्दै

टुडे एक्सप्रेस / कञ्चनपुर

निजी जग्गामा वृक्षरोपणको कार्य हुन थालेपछि यहाँ वन माथिको निर्भरता कम हुँदै जान थालेको छ। बर्सेनि डिभिजन वन कार्यालयले निजी जग्गामा वृक्षरोपणका लागि बिरुवा उत्पादन गरी नि:शुल्क उपलब्ध गराउन थालेपछि राष्ट्रिय वन माथिको चाप घट्दै जान थालेको हो। दाउरा, स्याउला, सोत्तरका लागि स्थानीय बासिन्दाले निजी जग्गामा लगाइएका बोटबिरुवाबाटै आवश्यकता पूर्ति गर्न थालेका छन्। वन पैदावारका लागि पहिला जस्तो वनमाथि चाप छैन, डिभिजन वन कार्यालयका सूचना अधिकारी शिवराज अवस्थीले भन्नुभयो, निजी जग्गामा बिरुवा रोप्ने, हुर्काउने र त्यसबाट लाभ लिन थालेपछि स्थानीय बासिन्दाको आयस्तरमा समेत वृद्धि भएको पाइएको छ।यस कार्यबाट हरियाली प्रवर्द्धन हुनाका साथै जलवायु परिवर्तनबाट सृजित असर न्यूनीकरणमा समेत टेवा पुगेको उहाँको भनाइ रहेको छ। विगतमा वितरण भई वृक्षरोपण गरिएका बिरुवा स्थानीय किसानले हुकाई रूख बिक्री गरी आर्थिक लाभ लिनाका साथै जीविकोपार्जनमा समेत सघाउ पुग्न थालेको उहाँले बताउनुभयो। घाँस प्रजातिका बिरुवा रोपेका व्यक्तिले पशुपालन गरी लाभसमेत लिँदै आएका छन्। पहिला जस्तो वनपैदावार चोरी निकासी हुने क्रम समेत छैन, सूचना अधिकारी अवस्थीले भन्नुभयो, हाल निजी जग्गामा रोपेका रूखहरूबाटै काठ उत्पादन हुने भएकाले काठ, घाँसपातका लागि स्थानीय बासिन्दा वनमाथि निर्भर छैनन्।सूचना अधिकारी अवस्थीका अनुसार निजी जग्गामा लगाइएका रूखबाट मात्रै वार्षिक रुपमा ६० हजार क्युविक फुट काठ स्थानीय किसानले बाह्य क्षेत्रमा बिक्री गर्ने गरेका छन्।सामुदायिक वन र राष्ट्रिय वनमा बर्सेनि हुने वृक्षरोपणको कार्यले वनको क्षेत्रफलमा समेत वृद्धि हुँदै गएको छ। जिल्लाको कूल क्षेत्रफल एक लाख ६१ हजार ७४० हेक्टरमध्ये कूल वन क्षेत्र ७८ हजार ७९७ (४८ दशमलव ७२) हेक्टर रहेको छ। त्यसमध्ये शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको ४० प्रतिशत, डिभिजन वन कार्यालयअन्तर्गत ६० प्रतिशत वन क्षेत्र रहेको छ। उत्पादनशील वनको क्षेत्रफल भने १० हजार ६५० दशमलव २७ हेक्टर रहेको छ। वृक्षरोपणका कार्यक्रम सञ्चालन भएपश्चात् तीनदेखि चार प्रतिशतले वन बढेको अनुमान गरिएको छ। वृक्षरोपणका लागि वृक्षरोपण गरी वातावरण संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले डिभिजन वन कार्यालयले चालु आवमा पाँच लाख ७० हजार बिरुवा नि:शुल्क रुपमा वितरणको कार्य सुरु गरेको छ। उत्पादित बिरुवा सामुदायिक वन, निजी क्षेत्र, राष्ट्रिय वन, सार्वजनिक जग्गामा रोप्नका लागि वितरणको कार्य भइरहेको छ। वन कार्यालयका सूचना अधिकारी अवस्थीका अनुसार डिभिजन वन कार्यालयको नर्सरीमा एक लाख ९५ हजार, ब्रह्मदेव सब डिभिजन कार्यालयमा एक लाख, छेलामा ७५ हजार, वाणीमा ७० हजार, शुक्लाफाँटा, वाणि, पिपरैया र लालझाडीमा ५०/५० हजार तथा पुनर्वासको कुण्डामा ९० हजार बिरुवा वृक्षरोपणका लागि उत्पादन गरिएका छन्। त्यसमध्ये केही बिरुवा स्थानीय तहको लगानीमा समेत उत्पादन गरिएका छन्। उत्पादन गरिएका बिरुवामा टिक, कोइरालो, बाँस, अमला, बेतबाँस, गोल्डमोहर, मसाला, मोरिङ्गा, भिमल, बडहर, बकाइनो, असोकलगायत रहेका छन्। यसैगरी वन कार्यालयले १७ हजार ३९५ फलफूलका बिरुवासमेत सर्वसाधारणलाई नि:शुल्क रुपमा वितरणको तयारी गरेको छ। आँप, लिची, कागती, कटहर, अम्बा, अनार, ड्रागन फ्रुट लगायतका बिरुवा नि:शुल्क वितरणका लागि यही असार २३ र २४ गतेको समय निर्धारण गरिएको छ। नि:शुल्क बिरुवा प्राप्त गर्नका लागि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रतिलिपि वन कार्यालयमा पेस गर्नुपर्ने छ। जिल्लामा प्रतिवर्ष चार लाखदेखि सात लाखसम्म बिरुवा उत्पादनको कार्य हुँदै आएको छ। प्रतिवर्ष निरन्तर रुपमा बिरुवा उत्पादन गरी वितरण गरी रोप्ने कार्यले अबको १० वर्षमा वन माथिको ३० प्रतिशत निर्भरता कम हुने बताइएको छ।राष्ट्रिय वनको पैदावारले बढ्दो जनसङ्ख्याको मागलाई पूर्ति गर्न सक्ने अवस्था नभएकाले निजी क्षेत्रलाई बृक्षरोपण गर्न बढावा दिने कार्य हुँदै आएको छ, सूचना अधिकारी अवस्थीले भन्नुभयो, बिरुवा हुर्काएर सर्वसाधारणले थोरै मिहिनेतमा बढी प्रतिफल पाउने भएकाले पनि बिरुवा रोप्नका लागि सर्वसाधारणको सहभागिता प्रतिवर्ष बढ्दै गएको छ।रासस

'सुपरजोन' कार्यक्रम कार्यान्वयनसँगै उत्पादकत्व वृद्धि

टुडे एक्सप्रेस / सुदूरपश्चिम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कैलाली जिल्लामा गहुँ बालीको 'सुपर जोन' कार्यक्रम कार्यान्वयन भएसँगै गहुँको उत्पादकत्व पहिलेको तुलनामा वृद्धि भएको छ।गहुँ बालीको सुपर जोन कार्यक्रम कार्यान्वयन भइरहेको क्षेत्रमा गहुँको उत्पादकत्व प्रतिहेक्टर पाँच दशमलब पाँच मेट्रिक टनसम्म पुगेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वय इकाइ कैलालीका प्रमुख कलसराम चौधरीले बताउनुभयो। पहिलो वर्ष यो बालीको उत्पादकत्व प्रतिहेक्टर दुई दशमलब नौ मेट्रिक टन रहेकोमा दोस्रो वर्ष वृद्धि भएर तीन दशमलब सात मेट्रिक टन पुगेको थियो, उहाँले भन्नुभयो, चालु वर्षसम्म आइपुग्दा गहुँ बालीको उत्पादकत्व प्रतिहेक्टर पाँच दशमलब पाँच मेट्रिक टनसम्म पुगेको छ।सुपर जोन कार्यक्रमसमेत गरी जिल्लाभरि झन्डै ३४ हजार हेक्टरमा गहुँको खेती हुने गरेको छ। जिल्लाभरिको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वभन्दा बढी अर्थात् प्रतिहेक्टर दुई दशमलब ५१ मेट्रिक टन रहेको जनाइएको छ। तेलहन बालीको 'जोन' क्षेत्रमा तेलहनको उत्पादकत्व प्रतिहेक्टर शून्य दशमलब नौबाट वृद्धि भएर एक दशमलब तीन मेट्रिक टन पुगेको तथ्याङ्क कार्यालयसँग छ। प्रतिकूल मौसमका कारण यो बालीको उत्पादकत्व भने अपेक्षाअनुसार बढ्न नसकेको बताइएको छ। चालु वर्षदेखि सञ्चालनमा रहेको धान बालीको 'जोन' क्षेत्रमा गरिएको बालीको उत्पादकत्वको तथ्याङ्क भने सङ्कलन गर्न बाँकी छ। कैलालीको कैलारी गाउँपालिकासहित घोडाघाडी नगरपालिका-१०, ११ र १२ र गौरीगङ्गा नगरपालिकाको ५, ७, ८, ९, १० र ११ वडाको झन्डै दुई हजार ३०० हेक्टर जग्गामा छ वर्षदेखि गहुँ बालीको सुपर जोन कार्यक्रम सञ्चालनमा छ। गहुँ बालीको 'सुपर जोन' कार्यक्रमअन्तर्गत सुरुको वर्ष एक हजार २५० हेक्टरमा गहुँ बालीको खेती गरिएको थियो। बर्दगोरिया, जोशीपुर र जानकी गाउँपालिका तथा घोडाघोडी र भजनी नगरपलिकाको विभिन्न वडामा पाँच वर्षदेखि तेलहन बालीको जोन कार्यक्रम सञ्चालन भइरहेको छ। चालु वर्षदेखि धान जोन कार्यक्रम जिल्लाको जोशीपुर र जानकी गाउँपालिका तथा भजनी नगरपालिकाको विभिन्न वडामा सञ्चालन भइरहेको छ। कृषि उत्पादन वृद्धि गरी आयात घटाउँदै जाने उद्देश्यले सरकारले आर्थिक वर्ष २०७३/७४ बाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गरेको हो। जोन र सुपरजोन कार्यक्रम कार्यान्वयनसँगै विभिन्न बालीको उत्पादकत्व वृद्धि भए पनि पर्याप्त बजेट अभावको कारण बालीहरूको खेती गरिने क्षेत्रफल विस्तार गर्न नसकिएको बताइएको छ। परियोजनाको कार्यक्रममा समेटिएका किसानलाई कृषि यन्त्र उपकरण खरिदका लागि पचास प्रतिशत, बीज वृद्धि कार्यक्रमका लागि पचास प्रतिशत र साना सिँचाइ निर्माणमा ८५ प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउने गरेको छ। यसबाहेक विभिन्न प्राविधिक सहयोग उपलब्ध गराउने गरिएको छ।

बर्सेनि बजेट घट्दै

कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइएको यो कार्यक्रम कार्यान्वयनका लागि बर्सेनि कम बजेट विनियोजन हुँदा अपेक्षित रुपमा लक्ष्य प्राप्त गर्न नसकिएको बताइएको छ। सुरुको वर्ष (२०७३/७४) गहुँको सुपर जोन कार्यक्रम सञ्चालनका लागि रु छ करोड ६१ लाख २३ हजार बजेट विनियोजन भएको थियो। दोस्रो वर्षदेखि तेलहन बालीको जोन कार्यक्रम थपिएकामा यी दुवै कार्यक्रमका लागि रु पाँच करोड ३३ लाख ७६ हजार बजेट विनियोजन गरिएको थियो।यस्तै तेस्रो वर्ष अर्थात् आव २०७५/७६ मा रु चार करोड ७७ लाख ६०, आर्थिक वर्ष २०७६/७७ मा पाँच करोड १८ लाख नौ हजार, आव २०७७/७८ मा तीन करोड ६९ लाख दुई हजार र आगामी आवका लागि रु चार करोड ५६ लाख २४ हजार बजेट विनियोजन गरिएको छ। सुपर जोनसँगै जोन कार्यक्रम थपियो, तर त्यस अनुसारको बजेट बढ्न नसक्दा किसानले अपेक्षा गरे अनुसारको उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको छ, कार्यालयका प्रमुख चौधरीले भन्नुभयो, कार्यालयमा दरबन्दी अनुसारको जनशक्तिसमेत नहुँदा थप समस्या भइरहेको छ।सूचीकृत कृषक समूह, सहकारी संस्था र कृषि उद्यमी यो कार्यक्रममा समेटिन सक्ने जनाइएको छ। सुरुको वर्षमा सुपरजोन कार्यक्रमलाई लक्षित गरी स्थापना गरिएको माटो परीक्षण प्रयोगशाला हाल बन्द अवस्थामा छ। सम्बन्धित सहकारी संस्थामा प्राविधिक जनशक्ति नहुँदा प्रयोगशाला बन्द गर्नु परेको जनाइएको छ। यसैगरी स्थापना गरिएको गहुँको प्रशोधन केन्द्रसमेत सम्बन्धित जग्गाधनी र सञ्चालकबीच कुरा नमिल्दा हाल बन्द अवस्थामा छ। कृषि कर्म गर्दा न्यूनतम शुल्क लिएर परियोजनामा समेटिएका कृषकलाई कृषियन्त्र उपकरण उपलब्ध गराउने सेवा प्रदायक संस्थासमेत बन्द छ। उदासीपुर गाउँका कृषक गोविन्द चौधरी गहुँ बालीको सुपरजोन कार्यक्रमबाट उत्पादन पहिलेको तुलनामा वृद्धि भए पनि कृषकले अपेक्षा अनुसारको सहयोग नपाइरहेको गुनासो गर्नुभयो। 'आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण' भन्ने नाराका साथ सरकारले यो १० वर्षे परियोजना कार्यान्वयनमा ल्याएको हो।रासस

आयमूलक कार्यक्रमलाई जोड दिंदै बन्दीपुर

टुडे एक्सप्रेस / तनहु



बन्दीपुर गाउँपालिकाले आफ्ना क्षेत्रभित्रका बासिन्दालाई लक्षित गरी आर्थिक आयआर्जनमूलक कार्यक्रमलाई जोड दिँदै आएको छ। गाउँगाउँका महिलाहरूलाई सीपमूलक तालिम प्रदान गरेर आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले सीपमूलक तालिमलाई प्राथामिकता दिएको हो। गाउँपालिकाले महिलाहरूका लागि सिलाइकटाइ गर्न मेशिन, सालको पातको टपरी र चप्पल उद्योग सञ्चालनका लागि केही दिनअघि तालिम प्रदान गरिसकेको छ। बन्दीपुर-६ को धरमपानीमा चप्पल उद्योग सञ्चालनमा ल्याउने तयारीका साथ तालिम प्रदान गरिसकेको गाउँपालिकाले जनाएको छ। उक्त वडास्थित धरामपानी महिला उद्यमी समूहलाई तालिम प्रदान गरी चप्पल उत्पादन गर्न लागेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो। गण्डकी प्रदेश सरकारको गरिबी निवारण उद्यमी विकास कार्यक्रमअन्तर्गत रु दुई लाख १३ हजार पाँच सयमा मेशिन खरिद गरी स्थानीय १२ जनालाई तालिम प्रदान गरिसकिएको जनाइएको छ। तालिमबाट सिकेका सीप तथा जनशक्तिलाई परिचानल गरी चप्पल उत्पादन गरी बिक्री वितरण गर्ने लक्ष्य राखिएको छ। तालिमपश्चात् सालको पातको टपरी र चप्पल उत्पादन गरेर पालिकास्तरमै खपत गर्ने लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिनुभयो। बन्दीपुर-५ स्थित याम्पा महिला उद्यमी समूहलाई चारवटा सिलाइकटाइ मेशिन प्रदान गरेर आयआर्जनतर्फ सक्रिय बनाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामदत्त भट्टले जानकारी दिनुभयो। गाउँपालिका कार्यालयले बन्दीपुर बजार क्षेत्रमा पेपर प्लेट विस्थापित गरी सालको पातको टपरी प्रयोगमा ल्याउने गरी काम अघि बढाइएको छ। टपरी बनाउनका लागि स्थानीय बाह्र जनालाई तालिम प्रदान गरिसकेको जनाइएको छ।

'व्यास नगर समता' विद्यालय साउनदेखि सञ्चालन हुने

व्यास नगरपालिकाले 'व्यास नगर समता' आवासीय विद्यालय आगामी साउनदेखि सञ्चालनमा ल्याउने तयारी गरेको छ। नगरपालिकाभित्र माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाइ परेका अनाथ, असहाय, विपन्न, शहीद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घरपरिवारका बालबालिकालाई शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यालय सञ्चालन गर्न लागिएको हो। उक्त प्रकृतिका विद्यार्थीहरूका लागि नगरपालिकाले निःशुल्क शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ। विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी पदपूर्तिका लागि विज्ञापन गरी आवश्यकता माग गरिसकेको नगरपालिकाले जनाएको छ।विद्यालयमा खाना पकाउने भान्से, शिक्षिका, सुरक्षाकर्मी लगायतका जनशक्ति माग गरिएको नगरपालिकाका सूचना अधिकारी कुमारकञ्चन जिसीले जानकारी दिनुभयो। व्यास-७ शेशमटारमा रहेको क्यामिन कोट प्राथमिक विद्यालयमा 'व्यास नगर समता' विद्यालय २०७९ सञ्चालन ल्याउन लागिएको हो। एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसलाई मानक विश्वविद्यालय निर्माण गर्न, विज्ञान तथा प्रविधिको पढाइ सञ्चालन गर्न अध्ययन गरी पूर्वाधार व्यवस्थापनमा सहयोग गर्ने नगरपालिकाको योजना छ।नगरपालिकाभित्रका प्रावि, आधारभूत र माध्यमिक विद्यालयमा प्रविधिमैत्री शैक्षिक वातावरण निर्माण गरिने जनाइएको छ । व्यास-१३ र १४ का सामुदायिक विद्यालयमा बालग्रामसँग सहकार्य गरी विद्यालय सुधारका योजना कार्यान्वयन गर्ने लक्ष्य रहेको छ। कक्षा ६ सम्म सामुदायिक विद्यालयमा पढ्ने प्रारम्भिक बाल विकास केन्द्रका विद्यार्थीलाई सङ्घीय सरकारको सहभागितामा दिवा खाजाको प्रबन्धलाई प्रभावकारी रुपमा निरन्तरतामा राखिएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो। नगरपालिकाभित्रका धार्मिक विद्यालय, मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालनार्थ प्रोत्साहन गर्ने नीति रहेको छ। नगरपालिकाभित्र रहेका विद्यालयमा स्थानीय पाठ् यक्रम र वेदव्याससम्बन्धी अतिरिक्त पाठ्यक्रम अध्यापन गराउने व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ।रासस

स्नातक अध्ययनका लागि गाउँपालिकाको छात्रवृत्ति

टुडे एक्सप्रेस / म्याग्दी

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन थालेको छ। चालु आर्थिक वर्षमा गाउँपालिकाबाट स्नातक तह अध्ययनका लागि २७ विद्यार्थीलाई पहिलोपटक रु छ लाख १९ हजार ६०५ छात्रवृत्ति उपलब्ध गराएको हो। गाउँपालिकाका शिक्षा शाखा अधिकृत कृष्णप्रसाद सुवेदीले ३२ जनाले आवेदन पेश गरेकामा छात्रवृत्ति निर्धारण समितिको असार १९ गतेको बैठकले २७ जनालाई छनोट गरेको जानकारी दिनुभयो। गाउँपालिकाका सामुदायिक विद्यालयमा तीन-चारपटकसम्म विज्ञापन गर्दासमेत विद्यार्थी नपाउने समस्या आएपछि उच्च शिक्षाका लागि छात्रवृत्ति दिने कार्यक्रम ल्याएका हौँ, उहाँले भन्नुभयो, रघुगङ्गा गाउँपालिका स्थायी ठेगाना भएर गाउँपालिकाभित्रकै विद्यालयबाट एसइई उत्तीर्ण गरेका विद्यार्थीले छात्रवृत्ति सुविधा पाउँछन्।बेनीको म्याग्दी बहुमुखी क्याम्पसका २१, पोखराको पृथ्वीनारायण क्याम्पसका तीन, पोखराको लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, उदयपुरको प्राकृतिक व्यवस्थापन कलेज र नमूना मच्छिन्द्र क्याम्पस ललितपुरका एक-एक जनाले छात्रवृत्ति पाएका हुन्। आवेदन पेश गरेका पाँच जनाले गाउँपालिका बाहिरका विद्यालयबाट एसइई उत्तीर्ण गरेकाले छनोटमा नपरेका हुन्। प्रतिविद्यार्थी क्याम्पसको वार्षिक शुल्क रु पाँच हजार ९०५ देखि रु २८ हजार ५०० सम्म छात्रवृत्ति पाएका छन्। विसं २०७९ जेठ २६ देखि असार ५ गतेसम्म आवेदन माग गरिएको थियो। गाउँपालिकाको छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७७ अनुसार एक जनाले अधिकतम वार्षिक रु ४० हजारसम्म छात्रवृत्ति पाउने व्यवस्था छ। क्याम्पसको शुल्क र कार्यविधिमा उल्लेखित रकम जुन कम छ सोहीअनुसार उपलब्ध गराइने शिक्षा अधिकृत सुवेदीले बताउनुभयो। विसं २०७७ मा बनेको कार्यविधिलाई रघुगङ्गाले पहिलोपटक कार्यान्वयन गरेको हो। रघुगङ्गा गाउँपालिका उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने म्याग्दीको पहिलो स्थानीय तह बनेको छ। कार्यक्रमलाई निरन्तरता दिन आगामी आव २०७९/८० का लागि रु १० लाख बजेट विनियोजन भएको छ।

स्थानीय तह र भूमि आयोगबीच सम्झौता

म्याग्दीका स्थानीय तह र राष्ट्रिय भूमि आयोगबीच भूमिहीन दलित, भूमिहीन सुकम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधानका लागि सम्झौता भएको छ। आयोगले मङ्गलबार बेनीमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका अवसरमा स्थानीय तहका प्रमुख र आयोगका सदस्य राधोराय यादवबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो। बेनी नगरपालिकाका प्रमुख सुरत केसी, धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन, मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा र मङ्गलाका अध्यक्ष सतप्रसाद रोकाले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको थियो। अन्नपूर्ण गाउँपालिकासँग सम्झौता भइसकेको र रघुगङ्गामा सम्झौता गर्ने प्रक्रियामा रहेको राष्ट्रिय भूमि आयोग म्याग्दीका सदस्य खुमनाथ सुवेदीले जानकारी दिनुभयो।

सम्झौतासँगै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नापनक्साको काम सुरु हुने भएको छ। पालिकामा अब भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, कम्प्युटर दर्ता र पुरानो आयोगले गरेका कामको निवेदन लिने र दावीविरोधसहितको सूचना प्रकाशनलगायतका काम अघि बढाइने आयोगको जिल्ला समितिका देवेन्द्र कामीले बताउनुभयो। उहाँका अनुसार वडामा लगत सङ्कलन, प्रमाणीकरण, वडाबाट पालिकालाई सिफारिस र पालिकाले प्रमाणित गरी आयोगमा रेकर्ड पठाउनेसहित सुकुम्बासीलाई जग्गा प्रबन्धका लागि सहजीकरण गर्नेछन्। पालिकासँग भूमिहीनको समस्या समाधान गर्ने कार्यका लागि सम्झौता भएको छ, आयोगका सदस्य यादवले भन्नुभयो, अब स्थानीय तहसँगको सहकार्यमा भूमिहीनको समस्या समाधान गरेर निस्सा वितरणसम्मको आफ्नो कामलाई अघि बढाउन सहज भएको छ।राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापनको कार्यलाई समन्वयात्मकरूपमा प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न स्थानीय तहसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नुपर्ने व्यवस्था छ। सरकारले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने उद्देश्यले गत वर्ष राष्ट्रिय भूमि आयोग गठन गरेको थियो। आयोगको कामलाई प्रभावकारी बनाउन जिल्लामा पनि आयोगका अध्यक्षलगायतका पदाधिकारी नियुक्त गरी कार्यालय सञ्चालनमा ल्याइएको छ।आयोगले म्याग्दीमा गत वर्ष ९३३ घरधुरी भूमिहीन र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेको थियो। एक सय ५५ भूमिहीन दलित, १११ भूमिहीन सुकुम्बासी र ६६७ घरधुरी अव्यवस्थित बसोबासीको विवरण सङ्कलन भएको हो। बेनी नगरपालिकामा २७२, धवलागिरि गाउँपालिकामा ६२, मालिका गाउँपालिकामा ३२८, मङ्गलामा १२१, रघुगङ्गामा ४२ र अन्नपूर्णमा १०८ घरधुरीको लगत सङ्कलन भएको थियो। बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विगतमा छुटेकाका लागि आवेदन बुझाउने समयको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। आयोगले निरीक्षण, अनुगमन, नापजाँचपछि कार्यविधिअनुसार मालपोत कार्यालयमा श्रेस्ता कायम गरेर जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराइने भएको छ। आयोगले पहाडी र हिमाली जिल्लाका भूमिहीन, सुकुम्बासीलाई घडेरीका लागि १० आना दुई पैसा एक दाम जग्गा उपलब्ध गराउने कार्यविधि बनाएको छ। अव्यवस्थित बसोबास गर्दै आएकाहरूको जग्गाधनी प्रमाणपत्रको श्रेस्ता कायम गरिने आयोगका प्रमुख नापी अधिकृत उमेश कमारले बताउनुभयो।रासस

राजस्व छलीको मुख्य गिरोहमाथि निगरानी

टुडे एक्सप्रेस / गण्डकी

राजस्व अनुसन्धान विभागका महानिर्देशक झलकराम अधिकारीले राजस्व छलीको मुख्य गिरोहमाथि निगरानी बढाइएको बताउनुभएको छ। पोखरा उद्योग वाणिज्य सङ्घद्वारा मङ्गलबार पोखरामा आयोजित हालै महानिर्देशकको जिम्मेवारी सम्हाल्नुभएका अधिकारीको स्वागत कार्यक्रममा उहाँले ठूला कर छलीका घटनामा आँखा चिम्लेको आरोपबाट विभागलाई मुक्त गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।राजस्व चुहावट हुने क्षेत्र पहिचान गरेर विभाग अगाडि बढ्ने बताउँदै उहाँले आफूहरूको दृष्टिमा ठूला भन्ने कोही नरहेको बताउनुभयो। राजस्व चुहावटको सबैभन्दा बढी जोखिम भन्सार क्षेत्र, ट्रेडिङ व्यवसाय, निर्माण र सेवा क्षेत्रमा रहेको बताउँदै उहाँले उद्योगको हकमा राजस्व चुहावट कम रहेको र त्यसले उत्पादकत्व वृद्धिमा सघाएको उल्लेख गर्नुभयो। बजार एउटा समूहको अवैधानिक कब्जामा अगाडि बढेको र यसलाई रोक्न नसक्दा हिजो बाबुबाजेको पालादेखि व्यवसाय गर्दै आएकाहरू पलायन हुने खतरा बढेको उहाँले बताउनुभयो। महानिर्देशक अधिकारीले सही तरिकाले व्यवसाय गर्नेहरूको संरक्षण र अवैधरूपले हुने राजस्व चुहावट रोक्नु जरुरी रहेको बताउनुभयो।महानिर्देशक अधिकारीलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष पवनकुमार प्रजापतिले उजुरी र छड्के जाँचका नाममा व्यवसायीको मानमर्दन नगर्न तथा व्यवसायीलाई सफाइको मौका दिन माग गर्नुभयो। पोखरा उद्योग वाणिज्य सङ्घ अवैध व्यवसायको पक्षमा नभएको प्रष्ट पार्दै उहाँले व्यवसायीमाथि आरोप लाग्दैमा ऊ अपराधी नहुने र सफाइको मौका पाउने बताउनुभयो।सङ्घका महासचिव सुरेन्द्रमान विजुक्छे, सङ्घका वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेल, लेखनाथ उद्योग वाणिज्य सङ्घका कार्यसमिति सदस्य विक्रम कर्माचार्य, नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकीकी महिला उद्यमी समिति संयोजक रामकली खड्का, उद्योग परिसङ्घ गण्डकीका अध्यक्ष विनोद शर्मालगायतले राम्रो गर्नेलाई प्रोत्साहन तथा गलत गर्नेलाई कारबाही हुनुपर्ने बताउँदै राज्यको व्यवसायीमैत्री नीति तथा व्यवहार आवश्यक भएकामा जोड दिनुभयो।रासस

पत्रकार आचार संहिताको पालना गरौं

- पत्रकार तथा सञ्चार माध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन, प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुँदैन् ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्यांकन विना नाम ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बीर र दृश्य उत्पादन वा प्रकाशन, प्रसारण गर्नु हुँदैन् ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर